मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ७० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ माघ १२ गते आइतवार (Sunday, January 26. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

लोकसेवा आयोगको दृढ अठोट- स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

छाडा छोडिएको कुकुरका कारण रेविजको त्रास

पार्थ मण्डल



भद्रपुर, माघ ११। पछिल्लो समय झापाको सदरमुकाम क्षेत्रमा छाडा कुकुरको आतङ्क बढेको छ ।

छाडा कुकुरको टोकाइबाट कृषक र स्थानीयको घर पालुवा जनावर मार्न थालेपछि उनीहरूलाई समस्या परेको छ । छाडा कुकुर नियन्त्रण तथा रोकथाममा नगरपालिका र वडा कार्यालयका जनप्रतिनिधिले चासो नदेखाउँदा उनीहरू चिन्तित समेत देखिएका छन् । भारतीय सीमासँग जोडिएको भद्रपुर-३स्थित भैंसाबाडी गाउँमा दिनहुँ छाडा कुकुरले कृषकले पालेको जनावर मार्न थालेको पाइएको छ ।

छाडा कुकुरले टोकेर रेबिज लागेर कृषकले पालेको चौपाया, खसी-बाख्रा, कुखुरा लगायतका जनावर मर्दा समेत त्यसलाई नियन्त्रण गर्न कसैले चासो नदेखाएको स्थानीय कृषक वासीलाल गणेशले बताए । 'भैसाबाडी गाउँमा जस्तो गाईबस्तु र खसी बाख्रा, नगरको कुनै स्थानमा पालेको छैन'- उनले भने- 'मेरै ८ वटा खसी-ब्राखा थियो, छाडा कुकुरले मार्दा अहिले तीनवटा मात्र छन् ।'

दुई वटा व्याउने बाख्रा कुकुरले मारिदिएको गुनासो पोख्दै उनले भने- 'पहिला स्यालले आतङ्क मच्चाउँथ्यो, अहिले स्याल छैन, कुकुरले गाउँमा आतङ्क मच्चाउँदा कृषकहरू पीडित छन् ।' छाडा कुकुरले हालसम्म भैसाबाडीका काशीलाल राजवंशी, श्रवण गणेश, धिरेन राजवंशी, फेनेस गणेश, मुना ताती लगायतका कृषकको खसी बाख्रा टोकेर मारिदिएको स्थानीय रतिया राजवंशीले बताए । दिनहुँ छाडा कुकुरले गाउँमा घरपालुवा जनावर मार्दा पनि जनप्रतिनिधिसहित कसैले चासो नदेखाएको उनको भनाइ छ । 'जनप्रतिनिधि आउँछ, गाउँवासीको कुरा सुन्छन्, अनि जान्छन्, तर गाउँवासीको सुनवाई हुँदैन- उनले भने ।

त्यस्तै छाडा कुकुरको आतङ्क भद्रपुर-९मा पनि देखिएको छ । भद्रपुर-९स्थित देवकोटा चोक आसपासका क्षेत्रहरूमा दिनहुँ कुकुरले गाईबस्तु तथा खसी, बाख्रा टोकेर मार्न थालेको छ । छाडा कुकुरले स्थानीय पुष्पा भट्टराई, बृहस्पति पोखरेल, बाबुराम ढकालको ब्याउने बाख्रालाई टोकेर मारिदिएको छ ।

स्थानीयवासीले कुकुरले ब्राखा मारेको गुनासो लिएर नगरपालिका पुगे पनि सुनवाइ भएन । यसअघि पनि भद्रपुर नगरपालिका-३मा छाडा कुकुरले टोकेर दुहुना गाईसहित डेढ दर्जनभन्दा बढी पशु चौपाया मरेका थिए । गोठमा बाँधिएका तथा चरनमा छाडिएका गाई, राँगा, बाच्छा बाच्छी, खसी बाख्रा लगायतलाई कुकुरले टोकेपछि रेबिज लागेर मरेका थिए ।

यता पशु सेवा केन्द्रका अधिकृत गणेश भट्टराईले नगरको छाडा कुकुर आतङ्क बढेको बारेमा स्थानीय तहबाट कुनै पनि जानकारी नआएको बताए । 'छाडा कुकुर आतङ्क नियन्त्रणका लागि कुनै अभियान सञ्चालन गरिएको छैन'- उनले भने- 'कार्यालयमै नियमित कुकुरलाई भ्याक्सिन लगाउने काम मात्र गरिरहेका छौं ।' भद्रपुर नगरपालिकाका मेयर जीवनकुमार श्रेष्ठले नेपालको कानूनमा कुकुर मार्न नपाइने भएको बताए । नगरपालिकामा कुकुर आतङ्क बढेको बारेमा कहींकतैबाट जानकारी नआएको उनले बताए ।

बन्ध्याकरण र सचेतना कार्यक्रममै बजेट स्वाहा

चालू आर्थिक वर्षमा नगरपालिकाले पशु स्वास्थ्य सेवा तथा नियमन कार्यक्रम अन्तर्गत सडक तथा सामुदायिक कुकुरहरू व्यवस्थापन गर्न १० लाख र कुकुरमा रेबिज खोप निःशुल्क र बहुला कुकुरले टोकेको पशुहरूको उपचारमा ५० हजार, पशुपन्छी उपचार सेवा सञ्चालनमा २ लाख, रेबिज, सपर्दश आदिको प्रचारप्रसार दिवस मनाउने पशुपन्छी आदिबाट हुने सरुवा रोग सम्बन्धी रोकथाम र सचेतना कार्यक्रममा २० हजार बजेट छुट्याएको छ ।

छुट्याएको बजेटमध्येबाट नगरपालिकाले गत भदौ २६ गते दुई दिने सडक सामुदायिक तथा पाल्तु कुकरको बन्ध्याकरण शिविर सञ्चालन गरेको थियो । नगरपालिकाको हरेक वर्ष बन्ध्याकरण शिविर र सचेतना कार्यक्रम गरेर लाखौं बजेट खर्च गर्दै आए पनि कुकुर आतङ्कबाट कृषकसहित नगरवासीले राहत महशुस गर्न भने पाएका छैनन् । अन्य विशेष कार्यक्रम सञ्चालन नगरे पनि केही समय अगाडि विभिन्न वडाहरूमा विज्ञ प्राविधिकहरूबाट कुकुरको बन्ध्याकरण कार्यक्रम सञ्चालन गरेको मेयर श्रेष्ठले बताए ।

गर्भवती महिलालाई १५ सय भत्ता

बाह्रदशी, माघ ११। झापाको बाह्रदशी गाउँपालिकाले गर्भवती महिलालाई एक हजार पाँच सय रुपैयाँ प्रोत्साहन भत्ता दिने भएको छ ।

गाउँपालिकाभित्र रहेका स्वस्थ्य संस्थामा गर्भवती महिलाको स्वास्थ्य जाँच गराउन र भिडियो एक्स-रे गर्न सहयोग पुऱ्याउने उद्देश्यले सबै गर्भवती महिलालाई प्रोत्साहन स्वरुप एक हजार पाँच सय रुपैयाँ प्रदान गर्ने निर्णय भएको

(बाँकी अन्तिम पृष्ठमा)

आवश्यकता

प्रथम पटक प्रकाशित मितिः माघ ११, २०७६ (२५ जनवरी २०२०)

प्रदेश र स्थानीय तहका सरकारहरुको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता विकास गर्ने अभिप्रायले नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (पिएलजिएसपि) सञ्चालनमा ल्याएको छ । कार्यक्रमको मुख्य लक्ष्य दिगो, समावेशी र जवाफदेही प्रदेश र स्थानीय सरकार निर्माणमा सहयोग पुऱ्याउनु रहेको छ । यस कार्यक्रमबाट
निम्न तीन नतिजा अन्तर्गतका १४ प्रतिफल प्राप्त हुने अपेक्षा गरिएको छ ।

- संघीय संरचना अन्तर्गतका अन्तर-सरकारी संयन्त्र पूर्णरुपमा सञ्चालनमा आउने,
- प्रदेश र स्थानीय तहमा सक्षम, प्रभावकारी, समावेशी र जवाफदेही संयन्त्रहरु स्थापित हुने,
- नागरिकलाई सन्तुष्ट पार्ने गरी सेवा प्रवाह गर्न प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि र निजामती कर्मचारीहरुको क्षमता विकास गर्ने ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले यस कार्यक्रमको कार्यान्वयनमा प्राविधिक सहयोग उपलब्ध गराउने उद्देश्यले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग साझेदारी गरेको छ । यस अनुरुप, योग्य, प्रतिभावान र नतिजामुखी नेपाली नागरिकहरुबाट निम्न पदहरुका लागि यो दरखास्त आह्वान गरिएको छ ।

पद	तह	संख्या	कार्यक्षेत्र
सार्वजनिक वित्तीय व्यवस्थापन विशेषज्ञ	एसबी ५/१	१ (एक)	कार्यक्रम समन्वय इकाई, काठमाण्डौ
अनुगमन तथा प्रतिवेदन विज्ञ	एसबी ४/२	७ (सात)	प्रदेश कार्यक्रम कार्यान्वयन इकाई, (प्रत्येक प्रदेशमा एक जना)
सार्वजनिक वित्तीय व्यवस्थापन विज्ञ	एसबी ४/२	७ (सात)	प्रदेश कार्यक्रम कार्यान्वयन इकाई, (प्रत्येक प्रदेशमा एक जना)
क्षमता विकास विज्ञ	एसबी ४/२	७ (सात)	प्रदेश सुशासन केन्द्र (प्रत्येक प्रदेशमा एक जना)
लैंगिक समानता तथा सामाजिक समावेशी विज्ञ	एसबी ४/१	७ (सात)	प्रदेश सुशासन केन्द्र (प्रत्येक प्रदेशमा एक जना)
पाठ्यक्रम विकास विज्ञ	एसबी ४/१	७ (सात)	प्रदेश सुशासन केन्द्र (प्रत्येक प्रदेशमा एक जना)
कार्यक्रम सहायक	एसबी ३/२	१ (एक)	कार्यक्रम समन्वय इकाई, काठमाण्डौ

विस्तृत जानकारी र आवेदनका लागि यस लिंकमा
http://www.np.undp.org/content/nepal/en/home/operations/jobs/ जानु पर्नेछ ।
आवेदनका साथमा यु.एन. व्यक्तिगत विवरण (पी ११) फारम माथिको लिंकबाट डाउनलोड गरेर माघ २५, २०७६ गतेसम्म बुझाई सक्नु पर्नेछ ।

प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई मात्र सम्पर्क गरिनेछ । आवेदकले सन्दर्भमा सुझाएको व्यक्तिलाई युएनडीपी आफैले प्रत्यक्ष रुपमा सम्पर्क गर्न सक्नेछ ।

अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक समूह, यौनिकता तथा जात/जातीयता आदिका आधारमा समावेशिता हासिल गर्नका लागि युएनडीपी प्रतिबद्ध छ । साथै, सबै तहका कर्मचारी संरचनामा लैंगिक समानता सुनिश्चित गर्ने नीति युएनडीपीको रहेको छ । तसर्थ, योग्यता पुगेका महिला तथा पछाडि पारिएका र सामाजिक बहिष्करणमा परेका समुहका उम्मेदवारलाई आवेदन दिनका लागि विशेष प्रोत्साहित गरिन्छ ।

सबै आवेदनहरुमा उच्च गोपनीयता कायम गरिनेछ ।

बिर्तामोडमा खाना महोत्सव

झापा, माघ ११। स्थानीय खानाको परिकारलाई प्रवर्द्धन गर्ने उद्देश्यले झापाको बिर्तामोडमा खाना महोत्सवको आयोजना गरिएको छ ।

भ्रमण वर्ष २०२०लाई लक्षित गर्दै महिला उद्यमी संघ नेपाल झापाले खाना महोत्सवको आयोजना गरेको हो । महोत्सवको उद्घाटन संविधानसभा सदस्य मनकुमार गौतमले गरेका थिए । खानालाई उद्यमसँग जोड्दै स्थानीय परिकारलाई प्रचारप्रसार गर्न सके महिलाहरु आत्मनिर्भर बन्न सक्ने महिला उद्यमी संघ

(बाँकी अन्तिम पृष्ठमा)

युवा शहर र विदेशमा, गाउँका जमिनमा वनमारा

झापा, माघ ११। वीपी कोइरालाले युवाजमातलाई गाउँमा रमाउन सक्ने वातावरण निर्माण नगर्दासम्म ग्रामीण अर्थतन्त्र बलियो नहुने धारणा सार्वजनिक गरेका थिए ।

कोइरालाले वि.सं. २०३०को दशकको मध्यतिर वीवीसी वर्ल्ड सेवाका पत्रकारद्वय मणि राणा र ध्रुवहरि अधिकारीलाई बेलायतमा अन्तरवाता दिँदै गाउँका युवाजमात शहरमा केन्द्रीकृत भएसम्म गाउँका प्रायः खेतीयोग्य जमिन बाँझो हुने बताएका थिए ।

जननिर्वाचित पहिलो प्रधानमन्त्री कोइरालाको सो अन्तरवार्ता भएको झण्डै पाँच दशक पुग्ने लाग्दा नेपाल सरकारले २०७६मा प्रकाशित गरेको कृषि डायरीमा १० लाख ३० हजार हेक्टर जमिन बाँझो भएको उल्लेख छ । नेपालमा कूल खेतीयोग्य जमिनको हिस्सा ३० लाख ९१ हजार हेक्टर छ । एक हेक्टर

(बाँकी अन्तिम पृष्ठमा)

कोरोना भाइरस नेपालमा भेटियो

झापा, माघ ११ । नेपालमा पनि कोरोना जीवाणु (भाइरस) भित्रिन सक्ने जनाउँदै स्वास्थ्य क्षेत्रका विज्ञले सचेत हुन आग्रह गरेका छन् ।

शनिवार आयोजित साक्षात्कारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठले कोरोना भाइरस सरुवा भएकाले सतर्क हुन सबैलाई अपिल गरे ।

चीनबाट नेपाल फर्किएका एक विद्यार्थीको स्वास्थ्य परीक्षण हुँदा सो भाइरसको संक्रमण भेटिएको जनाइएको छ । भाइरस संक्रमित बिरामी आउनसक्ने स्थानमा तयारी र सतर्कता

(बाँकी अन्तिम पृष्ठमा)

पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **माघ १२ र १३ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

ॐ धनवन्तरी आयुर्वेद क्लिनिक

बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

हार्दिक निमन्त्रणा

झापा जिल्ला अर्जुनधारा-५, फूलवारीस्थित श्री भानु माध्यमिक विद्यालयका पूर्व विद्यार्थी एवम् शुभचिन्तकको तर्फबाट सोही विद्यालयका आदरणीय सेवानिवृत्त गुरु **श्री ताराप्रसाद सञ्जेल**ज्यूलाई यही माघ १६ गते सरस्वती पूजाको अवसरमा उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै सम्मान गर्ने कार्यक्रम तय गरिएकोले निम्न मिति, समय र स्थानमा उपस्थित भइदिनुहुन सम्पूर्ण पूर्व विद्यार्थीहरु, विद्यालय व्यवस्थापन समितिका पूर्व तथा वर्तमान पदाधिकारीज्यूहरु, अभिभावकज्यूहरु, शिक्षक, कर्मचारीज्यूहरुलाई यसै सूचनामार्फत हार्दिक आमन्त्रण गर्दछौं ।

मिति : २०७६ साल माघ १६ गते बिहीवार समय : बिहान ११ बजे
स्थान : श्री भानु माध्यमिक विद्यालय, अर्जुनधारा-५को प्राङ्गण

अभियन्ता पूर्व विद्यार्थीहरुः
टेकनाथ अधिकारी (९८४२६२८८८९), **गोकर्ण कार्की** (९८५२६७७४४४),
ध्यानबहादुर भारती (९८४२६२५३०४), **देवराज बुढाथोकी** (९८५२६७३७३५)

प्रदेशस्तरीय भलिबलको उपाधि सुनसरीलाई

कनकाई, माघ ११। झापाको कनकाईमा सञ्चालन भएको एनएमसी जामुनखाडी सिमसार कप १ नं. प्रदेशस्तरीय पुरुष नकआउट भलिबल प्रतियोगिताको उपाधि सुनसरीले हात पारेको छ।

सुरुङ्गा जेसीज र कनकाई नगर खेलकुद समिति संयुक्त आयोजक तथा रोटरी क्लव अफ सुरुङ्गा सहआयोजक रहेको प्रतियोगिता पूर्वकै प्रशिद्ध पर्यटकीय क्षेत्र कनकाईस्थित जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्रमा मंगलवारदेखि सञ्चालन भएको थियो।

सुनसरी र सोलूखुम्वुवीच शुक्रवार भएको फाइनल खेलमा सोलूका विरुद्ध तीन सेटले अग्रता लिंदै सुनसरी बिजेता बनेको हो। प्रतियोगिताको पहिलो सेटमा २५/१९ले सोलूले अग्रता लिएको थियो भने अरु तीन सेट लगातार सोलूलाई पछि पार्दै सुनसरी बिजेता घोषित भएको हो। सुनसरीले २५/१९, २५/२३ र २७/२५ को सेटले सोलूलाई पछि पार्दै प्रदेशस्तरीय भलिबल प्रतियोगिताको उपाधि हात पारेको हो। बिजेता भएसँगै सुनसरीले प्रथम पुरस्कार एक लाख एक हजार एक सय ११सहित मेडल र प्रमाण पत्र प्राप्त गरेको छ।

प्रतियोगिताको दोस्रो हुन सफल सोलुखुम्वुले नगद पुरस्कार ५१ हजार १ सय ११ मा चित्त बुझाएको थियो। प्रतियोगिताको दुवै पुरस्कार कनकाई नगरका प्रमुख राजेन्द्र पोखरेल र नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.का अध्यक्ष रामचन्द्र उप्रेतीले संयुक्त रुपमा हस्तान्तरण गरेका थिए।

खेलको म्यान अफ द म्याच सोलूका खेलाडी सञ्जय बस्नेत घोषित भएका छन्। उनलाई एनआईसी एशिया बैंकले प्रायोजन गरेको नगद एक हजारसहित ट्रफी प्रदान गरिएको बताइएको छ। प्रतियोगिताको विभिन्न सातवटा विधामा उत्कृष्ट हुने खेलाडीहरुलाई जनही नगद रु.५ हजारसहित ट्रफी प्रदान गरिएको आयोजक समिति सुरुङ्गा जेसीजका अध्यक्ष कमल कट्टेलले बताए। जस अनुसार बेष्ट डिफेन्डरमा सुनसरीका बसन्त राई, बेष्ट स्पाइकरमा सोलूका बिमान खड्का, बेष्ट सटरमा झापाका रोनिश राई र बेष्ट ब्लकरमा सुनसरीका सुरज चौधरी घोषित भएका थिए।

त्यस्तै बेष्ट सरभर सोलूका बिजय राना मगर, अनुशासित खेलाडीमा झापा भलिबलका भरत यादव र प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडीमा म्यान अफ द म्याच बिजेता सोलूका खेलाडी सञ्जय बस्नेत घोषित भए। उनलाई जामुनखाडी सामुदायिक वन समूहका अध्यक्ष ख्यामराज सिटौलाले नगद १० हजारसहित ट्रफी र प्रमाण-पत्र प्रदान गरेको खेल संयोजक केशव शिवाकोटीले बताए। पर्यटन भ्रमण वर्ष २०२०लाई सफल बनाउँदै प्रदेशस्तरीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मंगलवारदेखि सञ्चालन भएको प्रतियोगितामा १ नं. प्रदेशका ११ जिल्लासहित आयोजक सुरुङ्गा जेसीज समेत गरी १२ वटा टिमको सहभागिता रहेको थियो।

प्रतियोगितामा झापा लगायत मोरङ, सुनसरी, इलाम, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलूखुम्वु, उदयपुर, धनकुटाबाट खेलाडीहरुको सहभागिता रहेको थियो।

प्रतियोगिता सम्पन्न गर्नका लागि कनकाई नगरपालिकाबाट रु. २ लाख ५० हजार, नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिबाट रु.२ लाख ५० हजार र जामुनवारी सामुदायिक वनबाट रु.२ लाख ५० हजार आर्थिक सहयोग प्राप्त भएको थियो भने अन्य विभिन्न संघ-संस्था र खेलप्रेमी महानुभावहरुबाट सहयोग प्राप्त भएको आयोजक कनकाई नगर खेलकुद समितिका सदस्य जविन तिम्सिनाले बताए। आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनका लागि खेलकुदलाई पर्यटनसँग जोड्दै अघि बढ्नुपर्नेमा पूर्वकै चर्चित पर्यटकीय क्षेत्र जामुनखाडी सिमसारका अध्यक्ष सिटौलाले जोड दिए।

सुरुङ्गा जेसीज वर्ष २०१९का अध्यक्ष कमल कट्टेलको सभापतित्व एवम् प्रदेशसभा सदस्य हिराकुमार थापाको प्रमुख आतिथ्य रहेको प्रतियोगिताको समापन कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख पोखरेल, नेपाल बहुउद्देश्यीय सहकारी संस्था लिका अध्यक्ष उप्रेती, कनकाई नगर वडा नं. २का अध्यक्ष परशुराम गिरी, सुरुङ्गा जेसीजका पूर्व अध्यक्ष शिवकुमार कँडेल र भीम भट्टराई, जामुनवारी सामुदायिक वन समूहका अध्यक्ष सिटौला, सुकेडाँगी सामुदायिक वन समूहका अध्यक्ष भक्तबहादुर पौडेल लगायतले मन्तव्य राखेका थिए। सुरुङ्गा जेसीजकी मेनुका उप्रेतीले आस्थावाचन र उषा(यदुका) उप्रेतीले जेसीआई मिसन भिजन प्रस्तुत गरेको कार्यक्रममा जेसीजका खेल संयोजक केशव शिवाकोटीले स्वागत गरेका थिए। कार्यक्रमको सञ्चालन सुरुङ्गा जेसीजका महासचिव प्रविन तिम्सिनाले गरेका थिए।

स्थापना दिवसमा खेलाडी र सांस्कृतिक टोलीलाई सम्मान

पुष्पा लिम्बू

झापा, माघ ११। मेचे समाज शिवियारी आफातको २७औं स्थापना दिवश सांस्कृतिक र सम्मान कार्यक्रम गरी मनाइएको छ।

मेचीनगर-११स्थित समाजको सभाहलमा आयोजित कार्यक्रममा मेचे जातिको पहिचान झल्कने नृत्य प्रस्तुत गर्नुका साथै राष्ट्रिय खेलाडीलाई सम्मान गरिएको थियो।

कार्यक्रममा खेलकुद र गीतसंगीतका माध्यमबाट आफ्नो जातिलाई अन्तर्राष्ट्रिय जगतमा चिनाएको भन्दै १३औं साग अन्तर्गत खोखो खेलका कास्य पदक बिजेता झापा बिर्तामोड-६ निवासी कुशल मेचे र सांस्कृतिक नृत्य टोलीका दर्जनभन्दा बढी कलाकारहरुलाई नगद र सम्मानपत्रले सम्मानित गरिएको थियो।

मेचे समाज शिवियारी आफातका केन्द्रीय अध्यक्ष रञ्जीत मेचेको अध्यक्षता र जिल्ला समन्वय समिति प्रमुख सोमनाथ पार्तेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोर्तेलले मेचे समुदायको उत्थानका निम्ति संस्कृतिलाई जगेर्ना गर्दै युवाहरुलाई सिपमूलक तालिमको व्यवस्था गरी व्यावसायिक क्षेत्रमा आवद्ध गराउनुपर्नेमा जोड दिए। यसका लागि जिल्ला समन्वय समितिले आवश्यक सहयोग गर्ने उनले प्रतिबद्धता जनाएका थिए। यसैगरी समाजका पूर्वअध्यक्ष तथा मेचीनगर-७ का वडाध्यक्ष चन्दन मेचे र वडा नम्बर ११का अध्यक्ष सन्तोषकुमार मेचेले पछिल्लो समय मेचे जातिको अवस्थामा क्रमश: सुधार आइरहेको बताएका थिए।

झापामा मुख्य थलो बनाइ बसोबास गर्ने लोपोन्मुख समुदायमा सूचीकृत मेचे जातिका मानिसहरुको संख्या करिब ४ हजारको हाराहारीमा मात्र रहेको र उनीहरुमा चेतनाको स्तरमा बृद्धिसँगै राज्यका हरेक अंगमा पहुँच पुग्ने क्रम पनि शुरु भएको उनीहरुले बताए। साथै मेचीनगरमा रहेका मेचे जातिहरुको उत्थानमा सहयोग पुग्ने बिभिन्न योजनाहरु बनाइरहेको पनि सुनाएका थिए।

कार्यक्रममा मेचे बोधो साहित्य समाजका केन्द्रीय अध्यक्ष कमल मेचे, मेचे उत्थान महिला समिति अध्यक्ष रोश्नी मेचे, बोधो रोजा धर्मगुरु नन्दकुमार मेचे लगायतले शुभकामना मन्तव्य राख्दै सरकारले प्रदान गर्दै आएको सुरक्षा भत्ताले आफ्नो समुदायको अवस्थामा सुधार गर्न प्रोत्साहन मिलेको भन्दै उत्थान र संरक्षणका लागि युवास्तरबाट पनि पहल हुनुपर्ने बताएका थिए।

समाजकी केन्द्रीय उपाध्यक्ष अग्निमाया मेचेले स्वागत गरेको कार्यक्रमको सञ्चालन महासचिव वीरेन मेचेले गरेका थिए। समाज २७ औं वर्षमा प्रवेश गरिरहँदा औपचारिक कार्यक्रम गरी स्थापना दिवस मनाएको यो नै पहिलो भएको अध्यक्ष रञ्जीत मेचेले जानकारी दिए।

तामाङ समुदायले मनाए सोनाम ल्होसार

बिर्तामोड, माघ ११। बिर्तामोडमा वसोवास गर्ने तामाङ समुदायले २८५६ औं सोनाम ल्होछार पर्व शनिवार विविध कार्यक्रम गरी मनाएका छन्।

बिर्तामोड नगरपालिका-९मा रहेको नेखाङ्ग छयोलिङ्ग गुम्वाको आयोजनामा तामाङ समुदायले सोनाम ल्होछार पर्व मनाएका हुन्। प्रदेशसभा सदस्य एकराज कार्कीको प्रमुख आतिथ्य र गुम्वाका अध्यक्ष चन्द्रमणि योञ्जनको सभापतित्वमा कार्यक्रम भएको थियो।

कार्यक्रममा स्वागत अजय गोलेले गरेका थिए भने गुम्वाका उपाध्यक्ष लक्ष्मीप्रसाद मोक्तानले सोनाम ल्होछारका विषयमा प्रकाश पारेका थिए। बिर्तामोड नगरपालिका वडा नम्बर ९ र १०मा वसोवास गर्ने तामाङ समुदायले सांस्कृतिक कार्यक्रम गरेका थिए। कार्यक्रममा बिर्तामोड-९की वडाध्यक्ष पवित्रा पाठक, वडा सदस्य हरि चम्लागाँई, कञ्चन टोल विकास संस्थाका अध्यक्ष प्रेमप्रसाद भण्डारी लगायतले बोलेका थिए।

कार्यक्रमको सञ्चालन सुनीता तामाङले गरेकी थिइन्।

यसैबीच गुम्वा निर्माणका लागि लक्ष्मीप्रसाद मोक्तानको अध्यक्षतामा ७ सदस्यीय समिति गठन भएको छ। गठित समितिको उपाध्यक्षमा अजय गोले, सचिव देवराज नेपाल, कोषाध्यक्ष रीता श्रेष्ठ, सदस्यहरुमा पदम तामाङ, कमला तामाङ, वीरबहादुर तामाङ रहेका छन्।

उता बिर्तामोड-४मा तामाङ कल्याण समितिले पनि विविध कार्यक्रम गरी यो पर्व मनाएको छ। आयोजक संस्थाका अध्यक्ष हस्तबहादुर लुङ्वा तामाङको अध्यक्षता तथा प्रदेशसभा सदस्य कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेकपाका नेता ज्योतिसिंह दर्लामी, दलित समन्वय समितिका नगर अध्यक्ष छविलाल विश्वकर्मा लगायतले शुभकामना दिएका थिए। ओम मोक्तान तामाङले स्वागत गरेको कार्यक्रमको सञ्चालन गोपाल गोङ्वा तामाङले गरेका थिए।

युवा ...

जमिन बराबर २० रोपनी हुन्छ। खेतीयोग्य जमिनको बचाउनका लागि भन्दै विभिन्न सरकारले विभिन्न ऐन र नियम ल्याएका छन् तर लागू भने हुन सकेको छैन। यसैबीच पूर्वकृषिमन्त्री चक्रपाणि खनालले भने- खेतीयोग्य जमिन टुक्रा-टुक्रामा कित्ताकाट भएका छन्। कसैले कृषि फार्म सञ्चालन गर्ने इच्छा शक्ति देखाउँदा जमीनको एकीकरण गर्न मुस्किल देखिन्छ।

वीपीले-गाउँका युवालाई शहर छिर्नबाट जोगाउन गाउँलेको चाहना पूरा गर्नुपर्ने धारणा अन्तरवार्तामा राखेका थिए। तर, ठीक त्यसको उल्टो गाउँमा युवाहरु टिक्न सकेनन्। अहिले विश्वका झण्डै ८४ भन्दा बढी देशमा झण्डै ४० लाखभन्दा बढी बलिया पाखुरीहरु बज्रिरहेका छन्। गाउँलेको चाहना कृषि सडक थियो। गाउँमा उत्पादन भएका कृषि उत्पादनहरु सजिलैसँग बजारमा लैजान सकियोस् र नगद प्राप्त होस् भन्ने थियो तर त्यसो हुन सकेन। गाउँमा बसोबास गर्ने अधिकांश मानिसका घरमा गाई गोठ हुन्थे। प्रशस्त दूध उत्पादन हुन्थ्यो। फलफूल, तरकारी, फूल, माहुरीका घार, केही खसी-बोका बिक्री गरेर सम्पूर्ण घरायसी जीवन चलाउने प्रयत्न गर्थे तर भने जति स्थानमा कृषि सडक पुग्न सकेन। युवा विदेश जान बाध्य भए। गाउँका जमिन बनमाराले ढाक्यो।

कालान्तरसम्म पनि दिगो कृषि विकासका लागि राज्यले उपयुक्त स्थानसम्म कृषि सडक, उचित बजार, सिञ्चाइको उचित प्रबन्ध तथा कृषि ऋण सहज रुपमा प्रवाह गर्न सकिरहेको छैन। फलस्वरुप उर्वर खेतीयोग्य जमिन घडेरीका नाममा टुक्रा-टुक्रा पारिएको छ। भू-माफियाले प्लटिङ गरी मनग्य आम्दानी गर्दा सरकारले नियन्त्रण गर्न सकिरहेको छैन। प्लटिङका नाममा सार्वजनिक जमिन कब्जा हुँदै गएको छ। पशुपालनका निम्ति नभई नहुने चरन क्षेत्र कब्जा हुँदै जाँदा पशुपालन व्यवसायसमेत धराशायी बन्दै गएको छ।

भूमिसुधार ऐन, २०२१ लागू भएदेखि २०७६सम्म आइपुग्दा नेपालमा ३५ जना कृषिमन्त्री भइसकेका छन् तर यस अवधिमा कृषि क्षेत्रको उत्पादन दर अर्थात् कूल गार्हस्थ्य उत्पादन घट्दै गएको छ। कृषि गणना २०६८ले नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२ प्रतिशत रहेको उल्लेख छ। यस अवधिसम्म आइपुग्दा कृषि क्षेत्रको कूल गार्हस्थ्य उत्पादन २७ प्रतिशतमा सीमित हुनपुगेको छ।

नेपालको विकास ग्रामीण कृषि अर्थतन्त्रबाट सम्भव छ। सरकारले जमीनको चक्लाबन्दीमा खासै अग्रसरता देखाएको पाइँदैन। नेपाल सरकारले आव २०७४/०७५को बजेटमार्फत आगामी पाँच वर्षमा नेपाललाई खाद्यान्नमा पूर्ण आत्मनिर्भर हुने योजना अघि सारेको थियो तर यस अवधिमा उत्पादनभन्दा आयात दुई गुणाले बढेको कृषि मन्त्रालयका सचिव डा. युवकध्वज जिसीले बताए।

आव २०७८/७९ सम्ममा सरकारले नेपाललाई खाद्यान्नमा पूर्ण आत्मनिर्भर बनाउने योजना अघि सारेको थियो तर यस अवधिमा प्रमुख खाद्यान्नबाली धानको उत्पादन चार लाख ६० हजार मेट्रिक टनले बढेको भए पनि चामलको आयात भने सात लाख ६७ हजार मेट्रिक टनले बढेको तथ्याङ्कमा उल्लेख छ। भूमि सम्बन्धी नियम, २०२१ले जमीन एकापसमा सट्टापट्टा गरेर, सहकारी वा समुदाय प्रणालीद्वारा संयुक्त रुपमा खेती गराएर, भाडामा लिएर, नेपाल सरकार वा स्थानीय निकायले जग्गा लिई वितरण गरेर, एकै व्यक्तिलाई खेती गर्ने व्यवस्था मिलाइदिएर र टुक्रा- टुक्रामा विभाजन भएको जमीनलाई एकीकरणमार्फत जमीनको चक्लाबन्दी गर्न सक्ने व्यवस्था गरेको छ। 'भूमि सम्बन्धी ऐन २०२१' तथा नियममा उल्लेख भएको विषय अहिलेसम्म कार्यान्वयनमा आएको पाइँदैन। 'भूमि सम्बन्धी नियम, २०२१' ले तराई तथा भित्री मधेशको कृषि क्षेत्रमा ३५०, तराई तथा भित्री मधेशको शहरी, आवास तथा व्यावसायिक क्षेत्रमा ८५, उपत्यकाभित्रका कृषि क्षेत्रमा २५०, उपत्यकाभित्र शहरी क्षेत्रमा ८०, अन्य पहाडी प्रदेशको कृषि क्षेत्रमा १२५, पहाडी प्रदेशको शहरी क्षेत्रमा ८० वर्गमिटर जग्गाको न्यूनतम् एकाइ निर्धारण गरेको छ।

बिर्तामोडमा ...

नेपालकी अध्यक्ष गोमा भट्टराईले बताइन्।

महोत्सवको उद्घाटन गर्दै संविधान सभा सदस्य गौतमले खाना महोत्सवको आयोजना गरेर अर्ग्यानिक खाना खान सिकाउनुलाई एउटा सन्देशको रुपमा लिन सकिने बताए। उनले झट्ट हेर्दा सानो कार्यक्रम देखिए पनि यसले दुरगामी महत्व राख्ने बताए।

खाना महोत्सवमा ढिँडो, गुन्दुक, सेलरोटी, खिर, अचार, तरकारी, फापरको फुरौला, सिस्नोको सुप लगायतका स्थानीय परिकार राखिएको थियो। यस्तो खाना स्वास्थ्यवर्द्धक रहने भन्दै बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीले भने- बिर्तामोड नगरपालिकाले अर्ग्यानिक खानामा जोड दिँदै नगरमा विषादिको प्रयोगलाई कम गर्दै लगिएको छ।

केही समय अघिसम्म बिर्तामोडलाई अर्ग्यानिक नगर बनाउने भन्दा गफ गरेजस्तो भनिए पनि अहिले महिला उद्यमीहरुले व्यवहारमा लागू गरेको भन्दै बिर्तामोड नगरपालिका वडा-४का अध्यक्ष कुलप्रसाद संग्रौलाले सो कार्यको प्रशंसा गरे।

यता बिर्तामोड नगरपालिका वडा नम्बर ८की अध्यक्ष पवित्रा पाठकले खाना मात्रै नभएर बिर्तामोडका उद्यमी महिलाहरुले लगाउने माला समेत अर्ग्यानिक उत्पादन गरेको भन्दै सो कार्यलाई निरन्तरता दिन सुझाव दिए।

महोत्सवमा होटल म्यानेजमेन्ट अध्ययनरत् इकोन कलेजका विद्यार्थीले सहयोग पुऱ्याएका थिए। महोत्सवमा आएका व्यक्तिलाई स्थानीय खानाको परिकारको स्वाद चखाउँदै त्यसको विषयमा समेत जानकारी दिइएको छ। महोत्सव एकदिनको रहेको र हरेक वर्ष आजकै दिन खाना महोत्सव गरिने बताइएको छ।

संस्थाकी कोषाध्यक्ष यशोदा चापागाँईले स्वागत गरेको कार्यक्रमको सञ्चालन नैनकला भट्टराईले गरेकी थिइन्। महोत्सवमा पाँच सयभन्दा बढीले स्थानीय परिकारको स्वाद लिँदै त्यसको विशेषताका वारेमा जानकारी लिएका थिए।

गर्भवती ...

प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रप्रसाद दाहलले जानकारी दिए।

कतिपय गर्भवती महिलाहरुले चेतनाको कमी र आर्थिक अभावका कारण नियमित गर्भ जाँच नगराउने भएकाले उनीहरुलाई नियमित गर्भ जाँच गराउन प्रोत्साहन दिँदै आर्थिक सहयोग गर्न लागिएको बताइएको छ। प्रोत्साहन रकम लिने गर्भवती महिलाले नियमित स्वास्थ्य जाँच गराउनुपर्ने हुन्छ- प्रमुख प्रशासकीय अधिकृत दाहालले भने।

आदिवासी समुदायको बाहुल्य रहेको बाह्रदशी गाउँपालिकामा अझै पनि चेतना अभावका कारण घरमै प्रसूति गराउने क्रम रहेको र त्यसलाई अन्त्य गर्दै स्वास्थ्य संस्था र अस्पतालमा मात्रै सुरक्षित रुपमा प्रसूति गराउन प्रोत्साहन दिने उद्देश्यले गाउँपालिकाले नयाँ योजना अघि सारेको दाहालको भनाइ छ। गर्भवती महिलाले वडाको सिफारिसमा नजिकै रहेका स्वास्थ्य संस्थाबाट यो सेवा लिन सक्ने भएका छन्।

कोरोना ...

अपनाइएको छ। त्रिभुवन विमानस्थलमा रहेको हेल्थ डेस्कको क्षमता बढाएर उपयुक्त जनशक्ति र उपकरणसहित नेपाल भित्रिने शंकास्पद बिरामीको निगरानी भइरहेको मन्त्रालयले जनाएको छ। उनले भने- कोरोना भाइरस अध्ययनको विषय बनेको छ, तर धेरै भयावह स्थिति छैन।

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. वासुदेव पाण्डेले सरसफाईमा ध्यान दिनुपर्नेमा जोड दिए।

कपडा पसल बिक्रीमा

बिर्तामोडको मुटुमा रहेको हनुमान कम्प्लेक्सको दोस्रो तलामा चालू अवस्थामा रहेको लेडिज फेन्सी कपडा पसल तु-बिक्रीमा छ।

सम्पर्क: ९८०१०६५०१३,

बिक्रीमा

झापा बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङस्थित ब्लड बैंक नजिकै १३ धुर कमर्सियल जग्गामा बनेको एक तल्ले नयाँ र आकर्षक घर तु-बिक्रीमा छ। इच्छुक महानुभावहरुले सिधा सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८४१८७१५७९, ९८१४९८४४४०

कनकाई खेलकुद प्रतिष्ठान (कासा)
कनकाई नगरपालिका-३, सुरुङ्गा

साधारणसभा तथा अधिवेशन सम्बन्धी सूचना

यस प्रतिष्ठानको पाँचौं साधारणसभा तथा तेस्रो अधिवेशन उत्कृष्ट खेलाडी सम्मानसहित यही मिति २०७६ साल माघ १८ गते शनिवार सम्पन्न गरिने तय भएकाले सम्पूर्ण सदस्यज्यूहरुलाई उपस्थितिका लागि अनुरोध छ। साथै सबै सदस्यहरुलाई सदस्यता नवीकरण गर्न अनुरोध गरिन्छ। नयाँ सदस्य बन्न इच्छुक महानुभावलाई नागरिकताको प्रमाणपत्रको १ प्रति फोटोकपी र दुईवटा फोटोसहित सम्पर्कका लागि सूचना गरिन्छ। सदस्यता शुल्क: रु ५०५/- लाग्नेछ।

स्थान : जेसीज भवन सुरुङ्गा समय : बिहान ठीक १०:०० बजे

अध्यक्ष: दुर्गाप्रसाद प्रसाई (९८५२६८२५५१)
सचिव: दीनानाथ खतिवडा (दिनेश) (९८४२६२३८३८)
झलक सिटौला (९८६२६९८११६), अम्बिका खरेल (९८५२६५०६९९)

कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट चारपाने हुँदै शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडीसम्म पत्रिका वितरण गर्ने मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला।

तलब: ११,००० (बोनसले गाडी मेन्टेन गर्न पुगने) समय: ९:३० सम्म लाग्ने

सम्पर्क: ९८०१४०४०००, ९८१६६४१५७३

कर्मचारी आवश्यकता

हाम्रो यस हरिओम (UPVC) उद्योगमा बजार प्रतिनिधिको आवश्यकता परेकाले निम्न योग्यता भएका इच्छुकले सम्पर्क गर्नुहोला।

योग्यता :
- न्यूनतम् +२ पास
- मोटरसाइकलको लाइसेन्स भएको
- मानिससँग अन्तरक्रिया गर्न सक्ने क्षमता भएको

नोट: अनुभवीलाई प्राथमिकता दिइनेछ। सम्पर्क मिति: २०७६।१०।१८ गतेसम्म

सम्पर्क नं. 023-542461, 9842717153, 9842698514, 9852672863) Email :hariomudhyog@gmail.com

LECTURER REQUIRED

Providence College of Management Birtamode-1, Jhapa requires an experienced candidate with Post graduate degree to teach business statistics in **BBS 1st Year.** Candidates can apply to the college office with their CV and credentials.

For further information contact

Providence College of Management
Birtamode-1, Jhapa, 9804952506
Email: balmiki.edu@gmail.com

घरजग्गा बिक्रीमा

बिर्तामोडस्थित सिने प्लाजादेखि अन्धुवा खोला पश्चिम खानेपानी ट्यांकी जाने कोलोपत्रे सडकबाट १०० मिटर पश्चिमपट्टि ४ कोठाको टिनको छाना भएको साढे सात धुर जग्गासहित घर बिक्रीमा छ।

किन्न इच्छुकले सिधा सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८४४६४२०९५, ९८१७९९०२९९

Wanted

A Reputed English Medium School is looking for a **Computer Teacher** for lower secondary Level.

Qualified and interested candidates can apply for the post .

For Further details Contact:

Little Angel's English School

Bitamode-5, Jhapa
Phone No: 023-543995, 9844695652

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

उत्तरदायी नभूल

स्थानीय तहमा भ्रष्टाचार अति उच्च रहेको तथ्यांक सार्वजनिक भइरहेका बेला झापाको भद्रपुर नगरपालिकामा भइरहेको विकासे कार्यमा गुणस्तरीयताको सवाल उठेको छ । झापाको पहिलो र पुरानो नगरपालिका सदरमुकाम पनि हो भद्रपुर । सबैको विशेष दृष्टि रहने नगरपालिका क्षेत्रभित्र निर्माण भइरहेका पचपन्न लाखे योजनाहरुमा प्रयोग गरिएका निर्माण सामग्रीका बारेमा स्थानीयले आशंका मात्र गरेनन् शर्त विपरीत ठेकेदारलाई काम जिम्मा दिएको आरोप समेत लगाएका छन् । स्थानीय उपभोक्ता समिति गठन गरी उसकै जिम्मेवारीमा निर्माण गर्नुपर्ने पूर्वाधार विकासका योजनाहरु ठेकेदारले गलत ढंगले निर्माण गरिरहेको स्थानीयको भनाइ छ ।

भद्रपुर नगरपालिकाले प्रस्तावित योजना अनुसार आर्थिक वर्ष ०७६/०७७ मा पचपन्न लाख १६ वटा सडक विस्तार तथा कालोपत्रे गर्ने क्रममा स्थानीयको लागत साझेदारीमा कूल आठ करोड अस्सी लाखको योजना सञ्चालनमा छन् । नालासहितको सडक निर्माणका क्रममा गत वर्ष इँटा प्रयोग गरिएको थिएन । तर, यस आर्थिक वर्ष सञ्चालित योजनामा दुई नम्बर इँटा प्रयोग गर्ने निर्णय गरियो । ठेकेदारले भने तीन नम्बर इँटा प्रयोग गरेर गुणस्तरहीन काम गरेको स्थानीयको भनाइ छ । नगरपालिकाले तोकेको शर्त विपरीत निर्माण भइहरेको नालाको काम स्थानीयको विरोधपछि मात्र नगरपालिकाले काम रोक्न आदेश दिएको छ ।

स्थानीय उपभोक्ताको साझेदारी र जिम्मेवारीमा गुणस्तरीय काम हुने अपेक्षा भद्रपुरको योजनाले असत्य साबित गरेको छ । उपभोक्ता समिति कागजतमा मात्र सीमित रहने र निर्माण कार्यको जिम्मा ठेकेदारलाई दिने प्रवृत्तिले गुणस्तरीयता नहुने घटनाहरुले देखाइ सकेका छन् । उपभोक्ताको आर्थिक सहभागिता र जिम्मेवारीमा सञ्चालन हुने पूर्वाधार विकासका योजनाहरुमा नगरपालिकाको प्रत्यक्ष निगरानी, अनुगमन र निर्देशन हुनैपर्छ भन्ने भद्रपुरको यो घटनाले देखाएको छ । आफूद्वारा सम्पादित विकासे योजनाहरुको स्तर र कामको प्रकृति हेर्ने छुट्टै शाखा गठन गरिएको छ, इञ्जिनियर लगायतका प्राविधिकहरु पनि छन्, तर सम्पादित र सञ्चालित योजनाप्रति नगरपालिका बेखर हुनु सबैका लागि प्रत्युत्पादक बन्न सक्छ ।

अहिले देशभर स्थानीय सरकार विकास निर्माणका योजनाहरुको कार्यान्वयनमा व्यस्त छन् । जिम्मेवार जनप्रतिनिधिहरु यही मौकामा अनुचित लाभ लिन सक्रिय रहेको समाचार पनि सार्वजनिक भइरहेका छन् । गाउँ–गाउँमा सिंहदरवार पुऱ्याउने सरकारको भनाइ र जनप्रतिनिधिहरुको गराइका कारण आम जनताले सेवासुविधा सहजै प्राप्त गरेको अनुभूति गर्न पाइरहेका छैनन् । यस्तोमा स्थानीयदेखि संघीय सरकारमा रहेकाहरुले गम्भीर हुनैपर्छ, क्षणिक लाभ लिने दुराशयले विलप्त गराउन सक्छ, त्यसतर्फ सचेत हुनैपर्छ । अन्यथा जनताको अपेक्षा जहाँको तहीं रहन सक्छ ।

कुष्ठरोगीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गरौं

लक्ष्मी उप्रेती

आज अंग्रेजी वर्ष जनवरीको अन्तिम आइतबार । हरेक वर्ष यो दिनको आफ्नै महत्व छ । अनि आज ६७औं विश्व कुष्ठरोग दिवस । कुष्ठरोग प्रभावितहरू प्रति जागरुकता देखाउने उद्देश्य अनुसार सन् १९५४ देखि विश्वभरबाट यो रोगविरुद्ध दिवस मनाउन थालिएको हो । यो दिवसको सम्बन्ध जनवरी महिनाको अन्तिम आइतबारसँग जोडिएको छ । किनकि त्यही दिन अहिंसावादी महामानव महात्मा गान्धीको मृत्यु भएको थियो । फ्रान्सका प्रसिद्ध मानवतावादी एमआर फेलोरियोले गान्धीबाट प्रभावित भई उनकै प्रेरणाबाट कुष्ठरोग दिवस मनाउन थालेका थिए ।

अहिंसावादी महामानव महात्मा गान्धी विश्वबाट कुष्ठरोग निवारण गरी कुष्ठ प्रभावितप्रतिको भेदभाव हटाउनुपर्छ भन्नेमा प्रतिबद्ध थिए । यस वर्ष यो दिवसको नारा 'कुष्ठरोगविरुद्धको हाम्रो अभियान, भेदभाव अन्त्य मानवअधिकारको सम्मान' रहेको छ । कुष्ठरोग आँखाले देख्न नसकिने माइक्रो ब्याक्टेरियम लेप्रे नामको सूक्ष्म किटाणुबाट लाग्ने रोग हो । यो रोगले खास गरेर छाला, स्नायुमा असर गर्दछ । यो प्राचीनकालदेखि नै मानिससँग परिचित भए पनि सन् १९८३ मा मात्र नर्वेका वैज्ञानिक डा. जीए हृयान्सनले कुष्ठरोग किटाणुको कारणले हुने रोग भनी पत्ता लगाएका हुन् ।

देशभर विभिन्न तामझामका साथ आज यो दिवस मनाउने गरिन्छ । हरेक वर्ष यो दिवस निकै तामझामका साथ मनाइएँदा कुष्ठरोगीको संख्यामा कति पनि कमि आएको छैन् । यस दिवसको अभियानको उत्प्रेरणाले विश्वभर कुष्ठरोगको निवारण, न्यूनीकरण तथा प्रभावितप्रति हुने भेदभावमा पछिल्ला दिनमा कमी आए पनि यस्तो भेदभाव पूर्णरुपमा अन्त्य हुन सकेको छैन । दश वर्षअघि २०६६ सालमा नेपालमा कुष्ठरोग निवारण घोषणा भएको हो ।

कुष्ठरोग मानव जातीमा हजारौं बर्ष पहिले नै संक्रमण भएको वैज्ञानिकहरुले विश्वास गरेका छन् । यो रोगको अंग्रेजी नाम ल्याटिन शब्द लेप्राको विकसित रुप हो । त्यही भएर यसलाई ल्याप्रोसी भनिन्छ । यो अन्य रोग जस्तो खतरनाक सरुवा रोग नभए पनि यसबाट मानिसका शरीरमा उत्पन्न हुने असामान्य अवस्थाका कारण पराम्परागत रुपमा यस रोगलाई पूर्वजन्मको पापका रुपमा लिने गरिन्थ्यो । यो रोगप्रति नकारात्मक सोचाई रहेका कारण रोगीहरु सामाजिक बहिष्कारमा पर्ने गरेका छन् ।

छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ डाक्टर सुधिर गिरीका अनुसार यो एक प्रकारको जीर्ण संक्रमण हो । यो रोग माइकोब्याक्टेरियम लेप्रे र माइक्रोब्याक्टेरियम लेप्रोम्याटोसिस जीवाणु (ब्याक्टेरिया)को संक्रमणको कारणले लाग्दछ । संक्रमणको शुरुवातमा कुनै लक्षण देखा नपर्न पनि सक्छ । कतिपय संक्रमित व्यक्तिहरुलाई पाँचदेखि २० वर्षसम्म पनि खासै प्रभाव देखिँदैन । कुष्ठरोग पौसिबेसिलरी र मल्टिबेसिलरी अथवा सर्ने र नसर्ने गरी दुई किसिमको हुन्छ । त्यही भएर कतिपय प्रभावित मानिसहरुले चेतनाको अभावमा उपचारमा हेलचेक्रयाँई गर्दा बिरामीको अवस्था नाजुक भई मृत्यू समेत हुने गरेको पाइन्छ ।

नेपाल कुष्ठरोग मुक्त मुलुक घोषणा भईसके पनि यस प्रकारका रोगको लक्षण देखिएका मानिसहरुले सामाजिक तथा पारिवारिक कारण उपचारको पहुँचमा नपुगे गरेका कारण पनि बेला-बेलामा कुष्ठरोग संक्रमित व्यक्तिहरु देखा पर्दै आइरहेका छन् । सन् २०२० सम्म नेपाललाई पूर्णरूपमा कुष्ठरोग निवारण देश बनाउने लक्ष्य सरकारको छ ।

सन्दर्भ : ६७औं विश्व कुष्ठरोग दिवस

कुष्ठरोगका नयाँ बिरामीहरुको सबैभन्दा ठूलो हिस्सा भने भारतमा रहेको छ । विश्वमै सबैभन्दा धेरै कुष्ठरोगी भारतमा छन् । त्यहाँ एक लाख ३५ हजारभन्दा बढी बिरामी रहेको अनुमान गरिएको छ । विश्वमा विगत २० बर्षको उपचार तथ्यांक अनुसार एक करोड ६० लाख मानिसहरू उपचार पछि निको भएका छन् । मानवजातिलाई मात्र लाग्ने कुष्ठरोग लिङ्गका आधारमा महिलाभन्दा पुरुष बढी प्रभावित छन् । एउटा तथ्यांक अनुसार महिलामा ३९ प्रतिशत र पुरुषमा ६१ प्रतिशतलाई कुष्ठरोग लागेको हुन्छ । उमेरका हिसावले १० देखि १४ र ३५ देखि ४४ वर्ष उमेर समूहका व्यक्ति यो रोगको जोखिममा हुन्छन् । विश्वमा करिब ७५ प्रतिशत बिरामी दक्षिण एसियामै छन् । विश्वभर एक लाख ७५ हजार कुष्ठरोगी बिरामीको उपचार भइरहेको अवस्थामा नेपालमा मात्र दुई हजार पाँच सयभन्दा बढीको उपचार भइरहेको छ । संसारभर कुष्ठरोगीको संख्या घटिरहेको अवस्थामा सन् २०१० यता नेपालमा भने घटेको देखिँदैन ।

चिकित्सकका अनुसार शरीरको कुनै पनि भागमा लाटो वा फुस्रो दाग देखापर्नु, विस्तारै उक्त दागमा रौं झरेर जानु, पसिना नआउनु र नचिलाउनु यस रोगका लक्षण हुन् । स्नायुमा असर पर्दा हातखुट्टा लगातार झमझम हुने गर्छन् । छालाको नमूनाबाट लिएको तन्तुको रस जाँच गर्दा यो रोगका किटाणु देखा पर्छन् । सामान्यतया कुष्ठरोग लागेको अवस्थामा शरीरमा नचिलाउनेखालको सेतो फुस्रो दाग देखापर्ने, हातखुट्टामा छुँदा या चिमट्दा थाहा नहुने तथा शरीरमा कमजोरी महशुस हुँदै जानु पनि कुष्ठरोगका लक्षण हुन् । माथि उल्लिखित चिन्ह र लक्षण बाहेक अनुहार र कानका लोतीमा गिर्खा साथै रोग निको हुने मेची अञ्चल अस्पताल भद्रपुरका मेडिकल सुपरिटेण्डन डाक्टर पिताम्बर ठाकुर बताउँछन् । उनका अनुसार यस रोगको औषधि नेपालका सबै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीमा निःशुल्क पाइन्छ । कुष्ठरोगलाई पूर्णरुपमा निर्मुल पार्न सरकारले रोगीहरुको स्वास्थ्य उपचार केन्द्रसम्म पहुँच होस् भन्ने मनसायले विभिन्न सुविधाको समेत व्यवस्था गरेको छ ।

नेपालबाट पनि कुष्ठरोग निवारणको घोषणा गरिएको भए पनि निवारणको स्थितिबाट थप न्यूनीकरणतर्फ उन्मुख हुनु तथा कुष्ठरोगको कारण अपाङ्गता, असहाय तथा विपन्न भएकालाई समुचित व्यवस्थापन गर्दै जानु अहिलेको चुनौति हो । विश्व स्वास्थ्य संगठनले यस रोगलाई विश्वका सबै राष्ट्रबाट प्रति १० हजार मानिसमा एकभन्दा कममा झारी निवारण गर्ने कार्यक्रम राखेकोमा पूर्णतः सफल भएको छ । कुष्ठरोग बहुऔषधि उपचार विधिबाट निको हुने रोग हो । आधुनिक औषधोपचारले कुष्ठरोग निको हुने भए पनि समाजमा यो रोगप्रतिको नकारात्मक धारणा, अन्धविश्वास र भ्रम अन्त्य गर्नु साथै उनीहरूलाई समाजमै पुनर्स्थापना गराउनु आजको चुनौति बनेको स्वास्थ्यकर्मी दिलीप सुवेदीको भनाई छ । उनी भन्छन्- 'कुष्ठरोगको एकमात्रा औषधिले ९९ प्रतिशत किटाणु निष्क्रिय पार्ने भएकाले औषधि सेवन गरिसकेका बिरामीबाट यो रोग अरूलाई सर्दैन । यस्ता विषयलाई समाजमा उजागर गर्नु तथा कुष्ठ प्रभावित व्यक्तिलाई समाजमा आदर, सम्मानका साथ स्थापित गराउनुपर्छ । कुष्ठरोगीलाई कुनै पनि प्रकारका भेदभाव गर्नुहुँदैन । उनीहरूको हकअधिकारको संरक्षण गर्नुपर्छ ।

समृद्धिका लागि व्यवसायिकमुखी शिक्षा

बाबुकाजी कार्की

समृद्धिको गति तीव्र बनाउन निर्वाहमुखी कामबाट व्यवसायिकमुखी रोजगारतिर फड्को मार्नुको विकल्प छैन । समृद्धिको सपना साकार पार्न सर्वसुलभ व्यवसायिकमुखी शिक्षा पहिलो शर्त हो । मानवजीवनको चौतर्फी विकासका लागि जीवनोपयोगी शिक्षा अपरिहार्य हुन्छ । शिक्षाको प्रमुख उद्देश्य व्यक्तिको अन्तरनिहित प्रतिभा प्रस्फुटन गराएर उत्कृष्टता हासिल गर्नेतर्फ उन्मुख गराउनु हो । सामाजिक, सांस्कृतिक, धार्मिक रहनसहन, मूल्य-मान्यता, पहिचान र समायानुकूल परिमार्जन तथा परिष्कृत गर्दै जीवनशैलीमा उतार्न सक्षम सकरात्मक नागरिक शिक्षाले उत्पादन गर्नुपर्छ । शिक्षाले दैनिक जीवनमा आइपर्ने चुनौतिलाई सहजरूपमा सामना गर्न सक्ने सिर्जनात्मक एवम् रचनात्मक प्रतिभाको विकास गर्न सक्नुपर्छ । श्रमप्रति आस्था र विश्वास राख्ने लगनशील पौरखी नागरिक उत्पादन गर्ने उद्देश्य केन्द्रित शिक्षा नीति तथा कार्यक्रमको खाँचो खट्किएको छ ।

नेपालमा काम गर्ने उमेर समूहका ६१ प्रतिशत जनसंख्या रोजगारीको क्षेत्रभन्दा बाहिर रहेको तथ्यांक छ । केन्द्रीय तथ्यांक विभागका अनुसार १५ वर्षमाथिका जनशक्तिलाई काम गर्ने उमेर समूह मानेको छ । देशमा काम गर्ने उमेर समूहका कूल जनसंख्या दुई करोड सात लाख ४४ हजार छ, जसमध्ये एक करोड २७ लाख ५० हजार जनसंख्या निर्वाहमुखी श्रमशक्तिका रूपमा रहेका छन् । काम गर्ने जनसंख्यामध्ये ३९ प्रतिशत अर्थात् ७९ लाख ८४ हजार मात्र श्रम बजारमा सक्रिय छन् । केन्द्रीय तथ्यांक विभागका अनुसार श्रम बजारमा उपलब्ध जनसंख्या मध्ये ७० लाख ८६ हजार मात्रै रोजगार छन् भने नौ लाख आठ हजार बेरोजगार छन् । सक्रिय जनसंख्याको नौ लाख आठ हजार अथवा ११ दशमलव ३५ प्रतिशत बेरोजगार छन् । नेपालको बेरोजगार दर अनुसार कूल जनसंख्याको ३४ प्रतिशत मात्र रोजगारीमा रहेको पुष्टि हुन्छ । श्रमशक्ति बाहिरको जनसंख्या ठूलो छ । समृद्धिको संवाहक मानिएको यस जनशक्तिलाई यथाशक्य छिटो रोजगारीमा लैजाने नीति तथा रणनीति अविलम्ब चालिनुपर्छ ।

निर्वाहमुखी कामबाट समृद्धिको सपना साकार हुन सक्दैन् । आफ्नो दैनिक जीवनचर्या टार्नका लागि आवश्यक सिमित आम्दानी मात्र हुने कामलाई निर्वाहमुखी भनिन्छ । कृषिमा आधारित वा आफ्नै उपभोगका लागि परम्परागत रूपमा गरिने कृषिजन्य वा अन्य सीमित आम्दानीका कामलाई निर्वाहमुखी श्रमका रूपमा लिइन्छ । परिवर्तित श्रम तथ्यांक सम्बन्धी परिभाषाले रोजगारीको क्षेत्रमा रहेको जनसंख्यामा नसमेटेको देखिन्छ । श्रम तथ्यांकमा एकरूपता, स्तरीयता र अन्तर्राष्ट्रिय रूपमा तुलनायोग्य बनाउन अन्तर्राष्ट्रिय श्रम संगठनले तय गरेको श्रम तथ्यांकको अवधारणा, परिभाषा, मापन विधि लगायत विषयमा परिमार्जन गरिनु समसामयिक काम ठहर्छ ।

नेपालमा रोजगारको संकटले गर्दा ऊर्जाशील युवाहरू विदेश पलायन तीव्रगतिमा भइराखेको जगजाहेर नै छ । पछिल्लो परिभाषा अनुसार रोजगारीमा रहेको व्यक्ति हुन सन्दर्भ अवधिमा कम्तीमा एक घण्टा तलब ज्याला पाउने काम गरेको वा नाफा

नोक्सान आफैं व्यहोर्ने गरी सञ्चालित कुनै व्यवसायमा संलग्न हुनुपर्छ । रोजगार सम्बन्धी विवरणका लागि गणना दिनभन्दा ठीक अघिका सात दिनलाई सन्दर्भ अवधि मानिएको छ । सन्दर्भ अवधिमा तलब ज्याला पाउने काम वा नाफा नोक्सान आफैं व्यहोर्ने गरी सञ्चालित कुने व्यवसायमा संलग्न नभएका, तर विगत ३० दिनमा तलब ज्याला पाउने काम सक्रियतापूर्वक खोजेका र त्यस्तो काम गर्न उपलब्ध भएका व्यक्तिलाई वेराजगारको परिभाषाभित्र पारिएको छ ।

कृषिप्रधान भनेर चिनिएको देश नेपालमा परम्परागत कृषि प्रणालीलाई त्यागी आधुनिकीकरणका साथै व्यवसायिकीकरण गर्न विलम्व भइसकेको छ । ठूलो जनसंख्या कृषिमा निर्भर रहेकाले कृषि क्षेत्रलाई वैज्ञानिक प्रणालीमा लान सरकार र सरोकार पक्षले तदारुकता देखाउनु बुद्धिमानी ठहर्छ । नेपालमै सामान्य श्रम र प्रविधिको प्रयोगबाट नेपालमा नै उत्पादन गर्न सकिने कृषि उपजहरू विदेशबाट आयात गर्नुपर्ने बाध्यतालाई निरुत्साहित नगरुञ्जेल समृद्धिको नारा कोरा सावित नहोला भन्न सकिन्न । बर्षेनि वेरोजगारको संख्या बढ्दो क्रममा छ । सन् २००८ मा गरिएको श्रमशक्ति सर्वेक्षणले २ दशमलव १ प्रतिशत मात्रै वेरोजगार दर देखाएको थियो । तर, सन् २०१८ मा वेरोजगारी दर ११ दशमलव ३५ प्रतिशत पुगेको छ । रोजगारीलाई उन्नत बनाएर विश्व श्रम बजारमा खरो प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने दायित्व राज्यले अवलम्वन गर्ने शिक्षा नीतिको हो ।

अहिले नेपाली युवाहरू आफ्नै देशमा उपलब्ध पेसा अँगाल्न हिचकिचाउँदै हजारौं, लाखौं रुपैयाँ खर्च गरेर खाडी मुलुकको प्रचण्ड गर्मीमा जोखिमपूर्ण वातावरणमा तरकारी, फलफुल खेती, भेडा चराउने, गधा जोत्ने जस्ता कृषिजन्य काम गर्न तँछाडमछाडका साथ पुगेका छन् । अर्कातर्फ छिमेकी देशहरूबाट रोजगारीका लागि नेपाल आएर फलफूल तरकारी र अन्य सामान बेच्न सहर-बजारमा मात्र नभएर विकट गाउँहरूमा पनि छ्यापछ्याप्ती पुगेको पाइन्छ । तर, गर्वका साथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन् ? त्योभन्दा तल्लो स्तरको काम गर्न मुग्लान नै पस्नुपर्ने किन ? यस्तो मनोवैज्ञानिकतालाई कसरी परिवर्तन गर्न सकिएला ?

आफ्नो देशमा रोजगारी नपाएर चारैतिर अभावैअभावबाट छटपटिँदै निराश भई विरक्तिएर विदेशिएका नेपाली झन् कष्टकर, अमानवीय व्यवहार सहन बाध्य भएर विचल्लीमा परेको समाचार छापामा बग्रेल्ती पाइन्छ । यसरी तावाबाट उम्केको माछा भुंग्रोमा परेर तड्पिएको चरितार्थ त्यहाँ पाइन्छ । त्यही पेसा स्वदेशमा गर्दा र विदेशमा गर्दा समाजको र व्यक्तिको हेराइमा फरक हुनाको कारण के हो ? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमै प्रयोग गर्न के गर्नुपर्ला ? आदि प्रश्नको विश्लेषणबाट सार्थक निष्कर्षमा पुग्न विलम्ब गर्नुहुँदैन ।

शिक्षालाई गुणस्तरीय जनमुखी, प्रगतिशील जीवनोपयोगी आदि विशेषणबाट सम्बोधन गरिएको पाइन्छ । गुणस्तर प्राप्ताङ्कका आधारमा निर्क्योल गर्ने प्रचलन प्रशस्तै छ, जसको कारणबाट आमाबुबाको अर्थ नबुझ्ने तर ड्याड-ममको संस्कारमा हुर्कने, दूध कहाँबाट आउँछ भन्दा डेरीबाट भन्ने गाईभैंसीको जानकारी नराख्ने कृषिमा हलो, फाली, करुवा दाँते आदिका बारेमा जानकारी नहुने सैद्धान्तिक ज्ञान मात्र भएको तर अल्पव्यवहारिक ज्ञान भएका नागरिकभन्दा आफ्नो परिवेशलाई समेत साक्षात्कार गर्ने/गराउने गरेर सिक्ने खालको शिक्षाको अवलम्बन गरिनुपर्छ ।

शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनुपर्छ । माछा मारेर खुवाउनेभन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो पौरखी शिक्षा हुनुपर्छ । अतः दैनिक जीवनमा प्रयोग गर्ने विषय र विधि सिकाउने खालको शिक्षा हुनुपर्छ । कुनै व्यक्तिको प्रमाण पत्रको प्राप्ताङ्क भन्दा पनि उसले देखाउने बानी-व्यवहार, चालचलन र चरित्रका आधारमा गुणस्तरीय शिक्षा परिभाषित हुनुपर्छ । पौरखी नागरिक बन्ने अभ्यासका लागि विद्यालयमा आयोजना गरिने क्रियाकलाप विद्यार्थीको अधिकतम् संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनुपर्छ ।

(कार्की पूर्व जिल्ला शिक्षा अधिकारी एवम् विश्लेषक हुन् ।)

गौरादह कृषि क्याम्पसमा पुस्तकालय र प्रयोगशाला

बिर्तामोड, माघ ११। गौरादह कृषि क्याम्पसमा पुस्तकालय तथा प्रयोगशाला भवन निर्माण शुरु गरिएको छ ।

गौरादह कृषि क्याम्पसको पुस्तकालय तथा प्रयोगशाला भवनको शिलान्यास प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मतकुमार कार्की र त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. धर्मकान्त बाँस्कोटाले गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि मन्त्री कार्कीले झापा जिल्लाको दक्षिणी क्षेत्र कृषिमा उर्वर भूमि रहेको र पशुपालक किसानहरु रहेकाले कृषि क्षेत्रमा अध्ययनरत् विद्यार्थीहरुले यस क्षेत्रमा रहेका नागरिकहरुलाई सहयोग गनुपर्ने बताए ।

उनले किसानहरुलाई कृषि प्रविधिको ज्ञान दिई कृषि क्षेत्रमा काम गर्ने किसानहरुलाई उत्पादन बढाउन सहयोग गर्नुपर्ने बताए । गौरादहमा कृषि र भेटनरीको गन्तव्यसहितको एउटा विशेष भ्रमण क्षेत्रको रुपमा विकास गर्न सक्ने सम्भावना रहेको बताए । आगामी एक वर्षभित्रमा भवनको निर्माण कार्य सम्पन्न हुने मन्त्री कार्कीले जानकारी दिए ।

त्यस्तै, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा. डा. धर्मकान्त बाँस्कोटाले गौरादहमा पशु उपचारका साथै पशु टिचिङ अस्पताल सञ्चालन गर्न सकिने बताए । कार्यक्रममा कृषि क्याम्पस भवन रहेको ठाउँमा जग्गादान गर्ने दाताहरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

गौरादह कृषि क्याम्पसका प्रमुख कृष्णहरि देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा संविधान सभा सदस्य दीपक कार्की, कृषि पशुविज्ञान अध्ययन संस्थानका डिन प्राध्यापक डाक्टर केशवराज अधिकारी, गौरादह नगरपालिकाका प्रमुख रोहितकुमार शाह र दमक नगरपालिकाका प्रमुख रोमनाथ ओली, मेची बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्राध्यापक डाक्टर पृथ्वीविक्रम राई लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन गौरादह कृषि क्याम्पसका प्रशासन प्रमुख हेमराज प्रसाईंले गरेका थिए ।

लागूऔषध र सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी सचेतना

झिलझिले, माघ ११। समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत शिवसताक्षी नगरपालिका वडा नं. १ फुलबारीमा लागूऔषध र सवारी दुर्घटना न्यूनीकरण सम्बन्धी एक दिवसीय जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

स्थानीय फुलबारी सेवा संगमको आयोजना र नाम्बिन इङलिस बोर्डिङ्ग स्कूलका साथै याक्थुम चुम्लुङ्ग जिल्ला कार्यसमिति झापाको संयोजनमा कार्यक्रम भएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरिक्षक कृष्णप्रसाद कोइराला, जिल्ला ट्राफिक प्रहरी कार्यलय झापाका प्रहरी निरीक्षक होम अधिकारी, इलाका प्रहरी कार्यलय झिलझिलेका प्रहरी निरीक्षक कोमल ठाकुर, ट्राफिक प्रहरी पोष्ट झिलझिलेका प्रहरी सहायक निरीक्षक गणेश श्रेष्ठले झापाबाट सार्वजनिक यात्रुवाहक बसमा लागू गरिएको टाइम कार्डका कारण झापामा दुर्घटना घटेको बताए ।

दुर्घटनाका कारणले हुने जनधनको न्यूनीकरणका लागि प्रहरीले प्रत्येक सार्वजनिक यातायातका साधनमा क्यामेरा जडानको तयारी गरिरहेको प्रहरी उपरीक्षक कोइरालाले बताएका छन् । दुर्घटनापछि ठूला सवारीसाधनका धनीलेमात्र क्षतिपूर्ति दिने परम्परा दोषका आधारमा निवारण हुने बताउँदै उनले भने- 'अब क्यामेराको फुटेजका आधारमा दोष र गुण पत्ता लगाई दोषीलाई प्रहरीले कारवाहीका लागि सिफारिस गर्छ ।' मोटरसाइकलले गल्ती गरेर यात्रुवाहक बसमा ठक्कर दिए बसको क्षतिपूर्ति अब मोटरसाइकल चालकले व्यहोर्ने उनले बताए ।

सडकको डिभाइडर लाइनको सही सदुपयोग गर्न नसक्दा नेपालमा सडक दुर्घटना बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक होम अधिकारीले बताए । उनका अनुसार राजमार्गको बीचमा रहेको रेखा ओभर ट्याग गर्न निषेध क्षेत्र हो । ट्राफिक नियमको सही पालन गर्न नसक्दा दुर्घटना बढेको उनको ठम्याई छ ।

स्थानीय चन्द्रवीर नेम्वाङ्गले लागूऔषध र ट्राफिक नियमको उल्लंघन गर्ने १८ वर्षदेखि ४० वर्ष उमेर समूहका युवायुवती रहेकाले पहिलो जिम्मेवार घरका अभिभावक रहेको बताए । उनले आफ्ना सन्ततीलाई लागूऔषध र सवारी चलाउन पूर्वका सबै नियम नजानि सवारीसाधन चलाउन दिएर दुर्घटना बढेको बताए ।

संस्थाका अध्यक्ष दिल सेरेङ्गको अध्यक्षता तथा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख भोजकुमारी नेपालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपाध्यक्ष प्रेम शेर्मा लिम्बूले स्वागत गरेका थिए ।

कार्यक्रममा एन प्याब्सनका १ नम्बर प्रदेशका अध्यक्ष जयबहादुर श्रेष्ठले सडकका हरेक नियम पालन गर्न सके दुर्घटनाबाट कसैले पनि अकालमा ज्यान गुमाउनु नपर्ने बताए । उनले पाठ्यक्रममा ट्राफिक नियमका बारेमा सामग्री समावेश गर्नुपर्ने धारणा राखे । कार्यक्रम नाम्बिन इङलिस बोर्डिङ्ग स्कूलका शिक्षक पूर्ण लकान्द्रीले सञ्चालन गरेका थिए ।

अमेरिकाद्वारा गर्भवती महिलालाई भिसामा कडाइ

झापा, माघ ११। अमेरिकाको विदेश मन्त्रालयले गर्भवती महिलाहरू बच्चा जन्माउन अमेरिका जाने क्रमलाई रोक्न नयाँ नियम ल्याएको छ ।

शुक्रवारदेखि लागू भएको नीतिले 'जन्म पर्यटन'लाई रोक्ने बताइएको छ । नयाँ नियमानुसार गर्भवती महिलाले अमेरिकाको भिसा (प्रवेशाज्ञा)का लागि आवेदन दिँदा त्यहाँ जान बच्चा जन्माउने बाहेक अन्य निश्चित कारण रहेको प्रमाणित गर्नुपर्नेछ ।

अधिकारीहरूले यो नयाँ नियम अमेरिकाको राष्ट्रिय सुरक्षा र जनस्वास्थ्यको हिसाबले आवश्यक रहेको बताएका छन् । अमेरिकामा जन्मिने लगभग प्रत्येक बच्चाले त्यहाँको नागरिकता पाउने नियम छ । जसलाई राष्ट्रपति डोनल्ड ट्रम्पले आलोचना गर्ने गरेका छन् ।

ट्रम्पले अमेरिकामा आप्रवास कम गर्ने नीति लिएका छन् र 'त्यहाँ जन्मिने सबै व्यक्ति अमेरिकी नागरिक हुने' संवैधानिक व्यवस्थामाथि प्रश्न उठाएका छन् । नयाँ

नियम बी भिसा अर्थात् भ्रमण भिसामा लागू हुनेछ । यस नियमपछि भिसा अधिकारीहरूलाई कुनै पनि व्यक्तिको अमेरिका भ्रमणको उद्देश्य त्यहाँ बच्चा जन्माउने मात्रै देखिएका खण्डमा भिसा नदिन सक्नेछन् ।

'जन्म पर्यटन अपराधिक गतिविधिसँगै बढ्दिरहेको छ' नीतिमा लेखिएको छ । नीतिले स्वास्थ्य उपचारका लागि अमेरिका जान चाहनेहरूलाई पनि भिसा प्राप्त गर्न गार्‍हो हुनेछ । स्वास्थ्य उपचारका लागि अमेरिका जान चाहनेहरूले अब त्यहाँको उपचार खर्च व्यहोर्न सक्ने हैसियत देखाउनुको साथै अमेरिकी चिकित्सकको व्यवस्था गरेको देखाउनुपर्नेछ ।

राष्ट्रपति कार्यालयले नयाँ नियमको प्रशंसा गरेको छ । राष्ट्रपतिका प्रेस सेक्रेटरी स्टेफाइन ग्रीसमले एक विज्ञप्तिमा जन्म पर्यटनले अस्पताल महत्वपूर्ण स्रोतमाथि दबाबमा पारेको र अपराधिक गतिविधिसँग गाँसिएको बताएकी छन् ।

अमेरिकामा भ्रमण गरिरहेकाले कति बच्चा जन्माउँछन् भन्ने यकिन तथ्याङ्क छैन, तर केही समूहले अनुमानित संख्या सार्वजनिक गरेका छन् । यूएस सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रीभेन्सनका अनुसार सन् २०१७ मा करिब १० हजार बच्चाहरू भ्रमण भिसामा रहेका मानिसबाट जन्मिएका थिए । सन् २००७ मा त्यो संख्या सात हजार आठ सय थियो ।

आप्रवासमा कडा नियमका लागि वकालत गर्ने सेन्टर फर इमीग्रेशन स्टडीजले सन् २०१६ को पछिल्लो छ महिना र सन् २०१७ को पहिलो छ महिनाबीचको एक वर्षमा ३३ हजार बच्चाहरू जन्मेको बताउँछ । पुरानो नियममा गर्भवती महिलाहरू जुनसुकै बेला पनि अमेरिका प्रवेश गर्न पाउँथे ।

लामिटार विद्यालयमा सरस्वतीको मन्दिर

रोङ, माघ ११। रोङ-६ मा रहेको लामिटार विद्यालयको हातामा दुई लाखभन्दा बढीको लागतमा सरस्वतीको मन्दिर निमार्ण गरिएको छ ।

मन्दिर निमार्ण गरिएपछि धार्मिक विधिसहित मन्दिरमा राखिएको सरस्वतीको मूर्तिको प्राणप्रतिष्ठा समेत गरिएको छ ।

विद्यालयमा मन्दिर निमार्णको लागि निर्णय हुनासाथ स्थानीयबासीहरुले स्वत:स्फूर्त रुपमा आर्थिक सहयोग गरेका थिए । स्थानीयबासीले मन्दिर निमार्णको लागि पाँच सयदेखि ५० हजार रुपैयाँसम्म सहयोग गरेका छन् ।

मन्दिर निमार्णका लागि रोङ-६ लामिटारका बिना तामाङले आफ्ना स्वर्गीय माता पदममायाको स्मृतिमा ५० हजार रुपैयाँ, स्थानीय ईश्वर तामाङले आफ्ना स्वर्गीय पिता-माता जीतबहादुर र गंगामायाको स्मृतिमा २० हजार सहयोग गरेका थिए ।

त्यस्तै जीतेन्द्र चाम्लिङ्गले आफ्ना स्वर्गीय माता-पिता खासमान र बिर्सिमायाको स्मृतिमा १० हजार रुपैयाँ सहयोग गरेको विद्यालयका प्रधानाध्यापक लाखबहादुर सावा लिम्बूले बताए ।

आगामी माघ १६ गते बसन्त पञ्चमीको दिन उद्घाटन गरिने सो मन्दिर निमार्णमा पाँच हजार रुपैयाँभन्दा माथि सहयोग गर्नेहरुको नामावली शिलालेखमा राखिने बताइएको छ ।

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

शिक्षक आवश्यकता

क्रिएसन मन्टेश्वरी बुट्टाबारी
१) शिक्षक १ जना
२) सिस्टर १ जना
तलब : आपसी समझदारीमा
सम्पर्क: ०२३-४२११४८
९८४२६७२०२०, ९८१४०५८८५९
नोट: शनिबार स्कूल खुल्ला रहने छ साथै डान्स, म्युजिक, एंकरिङ, खेलकुद र अतिरिक्त क्रियाकलाप गराइनेछ ।

गिटी बालुवा चाहिएमा

झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
सयपत्री
९८४२६५४४००, ९८०४९५४४००

जग्गा बिक्रीमा

बिर्तामोड बस पार्कबाट १½ किलोमिटर २½ मा १ कठ्ठा नर बढी भएको अत्यन्त सस्तो मूल्यमा जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।
मो.९८१५९५२४९९, ९८४१३२१४६४

पसल बिक्रीमा

बिर्तामोड कृषिथोक रोडमा रहेको चालू अवस्थाको फेन्सी पसल तु-बिक्रीमा छ ।
नोट: खाली सटर मात्र पनि दिइनेछ ।
मो. ९८१०१३९६७५

कर्मचारी आवश्यकता

Montusori Teacher : 2 **जना (महिला)**
Manager : 1 **जना *(अफिसको लागि, बाइक र लाइसेन्स भएको हुनुपर्नेछ ।)***
कुक : ४ जना
वेटर : ५ जना
किचन हेल्पर: २ जना
रिसेप्सनिष्ट: १ जना (इलामको लागि कम्प्युटरमा दक्ष)
नेपाल जल्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन
पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

आवश्यकता

सेक्युरिटी गार्ड:- ४० जना *(महिला/पुरुष)*
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ गराइनछ ।
सेमेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोन: ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

जग्गा बिक्रीमा

अटोल्याण्ड बुट्टाबारीमा हाइवेबाट १०० मिटरभित्र प्लानिङ्ग गर्न मिल्ने वा ग्यारेज सञ्चालन गर्न मिल्ने ६ कठ्ठा अत्यन्त सस्तो जग्गा बिक्रीमा छ ।
मो. ९८१८१७१९१२

कर्मचारी आवश्यकता

पद : बजार प्रतिनिधि
तलब : १३,५००।- +कमिशन
संख्या : १० जना
सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.
अतिथि सदनको दक्षिणपट्टी (मो.९८२४९२५१०५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित

झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्बरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५
Panga
दोस्रो शो २:४५
Street-dancer-3 3D
तेस्रो शो ६:३०
Panga

(हल बी) हिन्दी र नेपाली सिनेमा
पहिलो शो ११:४५
Street-dancer-3 3D
दोस्रो शो २:४५
Commantdr
तेस्रो शो ६:३०
Street-dancer-3 3D

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

काठमाडौंका डाक्टरद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण

यही **माघ १२ गते आइतबार**का दिन बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा काठमाडौंका विशेष अनुभवी डाक्टर राजकुमार शाह र फिजियोथेरापिस्ट डाक्टर भगवान शाहद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण गरिने भएकोले समयमै नाम टिपाइ स्वास्थ्य लाभ लिनुहोस ।
उपचार हुने समस्याहरु : पाइल्स, फिसर, फिस्टुला, मासु पलाएक



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४१९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - परिस्थिति अनुसार निर्णय लिन नसक्दा काम दोहोऱ्याउनुपर्ला । नियमित काम सम्पादन भए पनि निर्णायक मोडमा दुविधा उत्पन्न हुनाले समस्या पर्नेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - बुद्धिको उपयोगले काम सम्पादन हुनेछ । आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । अरुको साथ सहयोग मिल्ला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । भविष्यका लागि नयाँ कामको जग बसाउने मौका छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - अवसर प्राप्त गर्न चुनौतिपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । अस्वस्थताले काम गर्न समस्या पर्नेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - शुभचिन्तकहरू टाढा हुनेछन् । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । समस्या दर्शाउँदा सहयोगीहरूबाट साथ पाइनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - योजना पूर्ण नभए पनि आंशिक लाभ हुनेछ । अनुकूल परिस्थिति विचार गरेर मात्र नयाँ काम थालनी गर्नुपर्ला ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्य सम्पादनमा समय लाग्नेछ । चुनौतिपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - आकस्मिक समस्याले दौडधुप गराउन सक्छ । कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - स्वास्थ्य र अर्थका हिसाबले आजको दिन कमजोर रहनेछ । गोपनीयता बाहिरिनाले केही व्यवहारिक समस्या पनि देखा पर्नेछन् ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - महत्वाकांक्षी योजनाले आकस्मिक यात्रा गराउन सक्छ । व्यावसायिक काममा आम्दानी बढ्नेछ । लगनशीलताले लक्ष्यमा पुऱ्याउनेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - मेहनतले छोटो समयमा फाइदा दिलाउनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । अतिथिका रूपमा सेवा सत्कार प्राप्त हुनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ । अतिथिको आगमन हुन सक्ला ।

लिम्बू पत्रकार संघमा देशराज

अध्यक्ष देशराज नेम्वाङ

बिर्तामोड, माघ ११ । लिम्बू पत्रकार संघ झापाको अध्यक्षमा देशराज नेम्बाङ चयन भएका छन् ।

लिम्बू पत्रकार संघ झापाको तेस्रो अधिवेशनले नेम्बाङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । नवगठित समितिको उपाध्यक्षमा उर्मीला लिम्बू, सचिवमा धनबहादुर थेवे, कोषाध्यक्षमा गंगा बेघा रहेका छन् ।

त्यस्तै सदस्यहरुमा पुष्पा जबेगु, कौशीला लिम्बू, अविन लिम्बू, याम खेवा, धनकुमार लावती (दीपेन) रहेका छन् ।

सोही अधिवेशनले केन्द्रीय प्रतिनिधिको समेत चयन गरेको छ । केन्द्रीय प्रतिनिधिहरुमा सेसेमी से नाल्बो, दिलकुमार लावती, सेसेहाङ फियाक, विशाल नेम्बाङ, मनकुमारी पन्धाक र सचित आनन्द सुब्बा रहेका छन् ।

वीरता जेसीजको ३९औं सभा

बिर्तामोड, माघ ११। वीरता जेसीजको ३९औं साधारणसभा सम्पन्न भएको छ ।

वीरता जेसीजका अध्यक्ष विशाल थापाको अध्यक्षता तथा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक तथा कार्यकारी उपाध्यक्ष जीवन खड्काले गरेका थिए ।

वीरता जेसीजका पूर्व अध्यक्ष तथा अधिवेशन निर्देशक राजेन्द्र चम्लागाईंले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा सदस्य राजिव धिमालले आस्था वाचन गरेका थिए । वीरता जेसीजका निवर्तमान अध्यक्ष तथा निर्वाचन अधिकृत एकराज गिरीले निर्वाचन सम्वन्धी कार्यक्रम वारे जानकारी गराएको कार्यक्रममा वीरता जेसीजका पूर्वअध्यक्ष सजेश शिवाकोटी, वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजाललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

साधारण सभाको बन्दसत्रले वीरता जेसीजका महासचिव

कुशल खतिवडाले प्रस्तुत गरेको महासचिवको प्रतिवेदन, कोषाध्यक्ष घनश्याम चौधरीले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन र वीरता जेसीजका पूर्वअध्यक्ष तथा एम्बुलेन्स सेवा समितिका अध्यक्ष राजेन्द्र चम्लागाईंले प्रस्तुत गरेको वीरता जेसीजद्वारा सञ्चालित एम्बुलेन्स सेवा समितिको प्रतिवेदन पारित गरिएको थियो । कार्यक्रमको सञ्चालन वीरता जेसीजका महासचिव कुशल खतिवडाले गरेका थिए । बन्दसत्रले वर्ष २०२०को नयाँ नेतृत्व चयन गर्ने बताइएको छ ।

नेवाः मिसा दवू झापामा तिलरुपा

अध्यक्ष तिलरुपा श्रेष्ठ

बिर्तामोड, माघ ११। नेवाः देय् दवूको महिला संगठन नेवाःमिसा दवू झापाको अध्यक्षमा तिलरुपा श्रेष्ठ चयन भएकी छिन् ।

नेवाःमिसा दवू झापाको प्रथम अधिवेशनले श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

नवगठित समितिको सदस्यहरुमा सम्झना श्रेष्ठ, अमिता श्रेष्ठ, चित्रकुमारी श्रेष्ठ, मिथिला श्रेष्ठ, नवीना श्रेष्ठ, निलम श्रेष्ठ, सुशीला श्रेष्ठ, उमिता श्रेष्ठ, लक्ष्मी श्रेष्ठ रहेका छन् ।

नेवाःमिसा दवू झापाकी अध्यक्ष शान्ता श्रेष्ठको अध्यक्षता तथा नेवाः देय् दवूका केन्द्रीय उपाध्यक्ष कृष्ण उदासको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेवाःमिसा दवू झापाकी सचिव सम्झना श्रेष्ठले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा नेवाःमिसा दवूकी केन्द्रीय अध्यक्ष रश्मीला प्रजापति, केन्द्रीय उपाध्यक्ष बिमला प्रधान, केन्दीय सदस्य गंगा श्रेष्ठ, नेवाः देय् दवूकी केन्दीय सदस्य सुन्दरी श्रेष्ठ, नेवाः देय् दवू झापाका अध्यक्ष दिनेश शाक्य, आदिवासी जनजाति महासंघ झापाका अध्यक्ष भरत श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेवाः देय् दवूका प्रदेश १ सह-संयोजक इन्द्रबहादुर श्रेष्ठ, नेवाः देय् दवू झापाका उपाध्यक्ष भरत श्रेष्ठ, जिल्ला सदस्यहरु केसी श्रेष्ठ, रुद्रमणि श्रेष्ठ, बिर्तामोड नगर समिति कार्यवहाक अध्यक्ष ओमप्रकाश श्रेष्ठ, नेवाःमिसा दवू प्रदेश १की सहसचिव उषा श्रेष्ठ, नेवाः पासा मुनाः पुच बिर्तामोड नगर समितिकी अध्यक्ष ईश्वरा श्रेष्ठ लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन नेवाः देय् दवू झापाकी सचिव तिलरुपा श्रेष्ठले गरेकी थिइन् ।

शक्तिमाता दुर्गा भवानी मन्दिरको सभा

अर्जुनधारा, माघ ११। झापाको अर्जुनधारा-६मा रहेको शक्तिमाता दुर्गा भवानी मन्दिर व्यवस्थापन समितिको प्रथम साधारणसभा सम्पन्न भएको छ ।

समितिका अध्यक्ष अर्जुन मेचेको अध्यक्षता र अर्जुनधारा-६का वडाध्यक्ष लोकनाथ गौतमको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष मञ्जु सञ्जेलले गरेकी थिइन् ।

स्थानीय देवी पाथीभरा इङ्लिस सक्लका विद्यार्थीहरुले सन्देशमूलक स्वागत नृत्य प्रस्तुत गरेको कार्यक्रममा संस्थाको वार्षिक प्रगति प्रतिवेदन अध्यक्ष मेचेले र आर्थिक प्रतिवेदन कोषाध्यक्ष कमल गुरागाँईले प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदन अनुसार संस्थाको हालसम्मको बचत ११ लाख ११ हजार एक सय ३९ रुपैयाँ ९५ पैसा रहेको छ ।

कार्यक्रममा नगर सभा सदस्यद्वय माया खाती र लक्ष्मी महतरा, अर्जुनधारा जलेश्वर धामका मूल अर्चक अग्निप्रसाद सिरदेल, लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समितिकी अध्यक्ष कञ्चन खड्का, अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शी, सामाजिक अभियन्ता गणेश ढुंगाना, मन्दिरका संस्थापक अध्यक्ष लोकनाथ पौड्याल, भजनकीर्तन मण्डलीका अध्यक्ष नारदमणि आचार्य, जग्गादाता ज्ञानोदय लिम्बू, घनेन्द्र बाँस्तोला लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव यमनकुमार दनुवारले गरेका थिए ।

सोही सभाको बन्दसत्रले आगामी दुई वर्षे कार्यकालको लागि पुनः अध्यक्ष मेचेको अध्यक्षतामा १३ सदस्यीय समिति गठन गरेको निर्वाचन मण्डलका सदस्य तुम्मनाथ काफ्लेले बताए ।

नवगठित समितिको उपाध्यक्षमा सन्तोष तामाङ, सचिवमा राजेशकुमार आचार्य, सहसचिवमा राजन अधिकारी, कोषाध्यक्षमा हरिमाया पाण्डे सञ्जेल र सहकोषाध्यक्षमा राम बाँनिया चयन भएका छन् ।

त्यसैगरी समितिको सदस्यहरुमा कृष्ण आचार्य, पुष्कर कार्की, पूण्यवती अधिकारी, भीम राई, मोतिलाल दनुवार, यामुना भट्टराई र सुशीला शिवाकोटी चयन भएका छन् ।

त्यसैगरी सोही बन्दसत्रले यमनकुमार दनुवारको संयोजकत्वमा चन्दा मेचे, पर्शुराम खरेल, रमेश पोखरेल र शोमा राई सदस्य रहेको पाँच सदस्यीय आर्थिक उपसमिति तथा सरोज मुखियाको संयोजकत्वमा जीतेन्द्र दर्जी, मेनुका लिम्बू, लोकनाथ दुलाल र विष्णु श्रेष्ठ सदस्य रहेको पाँच सदस्यीय सांस्कृतिक उपसमिति गठन गरेको बताइएको छ ।

भिरबाट लडेर एक जनाको मृत्यु

ताप्लेजुङ, माघ ११। ताप्लेजुङ पाथिभरा याङवरक-४ डुम्रिसे बस्ने ४७ वर्षीय राजमान तामाङको भिरबाट लडेर मृत्यु भएको छ ।

सोही स्थानमा रहेको घोप्टे भिरमा खर काट्ने क्रममा लडेर घाइते भएका तामाङलाई उपचारार्थ लाने क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

जनप्रतिनिधिले नै घुस मागेपछि...

झापा, माघ ११। सामान्यतः जनताको निकटमा रहेर दिनरात नभनी जनताकै काम गर्न खटिरहने स्थानीय जनप्रतिनिधि नै भ्रष्टाचारमा संलग्न होलान् भनेर कल्पनासम्म गर्न सकिँदैन । कतिपय जनप्रतिनिधि आफूले प्राप्त गर्ने तलबभत्ता समेत जनचाहना पूरा गर्न सुम्पेको यथार्थ समेत पाइन्छ ।

तर, जाजरकोटको एक स्थानीय तहका अध्यक्ष भने स्थानीयको विकास निर्माणको आकांक्षा लत्याउँदै सेवाग्राहीसँग घुस लिएको अवस्थामा पक्राउ परेका छन् । आफ्नो गाउँपालिका क्षेत्रभित्र विभिन्न उपभोक्ता समितिमार्फत निर्माण भएका सडकको भुक्तानी दिने क्रममा सेवाग्राहीसँग घुस लिएको आरोपमा जाजरकोटको जुनीचाँदे गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर केसी अख्तियारको फन्दामा परेका छन् ।

सोही गाउँपालिकाको वडा नं. ५मा निर्माण गरिएको सडकको भुक्तानी दिन सहजीकरण गरिदिने भन्दै सेवाग्राहीसँग रु. आठ लाख घुस लिएको अवस्थामा आयोगको टोलीले उनलाई नियन्त्रणमा लिएको हो । आयोगले अध्यक्ष केसीसहित निजसँगै रहेका चन्द्रबहादुर बस्नेतलाई पनि नियन्त्रणमा लिएको छ ।

सेवाग्राहीसँग घुस रकम लिइसकेको अवस्थामा उनीहरुलाई सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-७ स्थित पूरानो मालपोट कार्यालयको जग्गा नजिकै हटलाइन रोडबाट नियन्त्रणमा लिइएको आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए । उनीहरुलाई शुक्रबार साँझ नियन्त्रणमा लिइएको भए पनि आयोगले अनुसन्धान गरेर आजमात्र सार्वजनिक गरेको हो ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

सटर बुकिङ खुल्ला

भद्रपुर मेची पुल भन्सार कार्यालयसँगै व्यवसायिक प्रयोजनका लागि निर्माण हुन गइरहेको १०X१२ देखि ११X२५ सम्मका सटरहरुको बुकिङ खुल्ला गरिएको छ । बुकिङ गर्न चाहनु हुने महानुभावले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क: सोनी कम्प्लेक्स (खान मोटरसाइकल सेन्टर)
९८१७९०१५८६, ९८०४९५८०९५, ९८०७९५१२३४

'गुणस्तरीय सामान गणपतिको पहिचान'

ब्राण्डेड कम्पनीको स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका, AEP Design, ग्लेजिङ्ग (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ्ग, मोडुलर किचन र सिटिङ्गहल डेकोरेसन साथै ट्रसको काम पनि गरिन्छ ।

गणपति स्टील एण्ड आल्मुनियम हाउस
प्रो. गोपाल सिटौला
९८५२६७१४२२,
९८१६००६३७३

सम्पर्क
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ - पदम
९८१४०५२६०१ - राम

जग्गा बिक्रीमा



बिर्तामोडस्थित बसपार्क प्रवेश गर्ने मुलबाटोमा छोएको, पूर्वी ३६ फिट मोहोडा भएको, राजमार्गबाट १०० मिटरभित्र पर्ने व्यापारिक प्रयोजनको निमित्त उपयोगी १ कट्ठा (२० धुर) जग्गा बिक्रीमा छ ।

सिधा सम्पर्क
९८०४९९९७६६

भूमिसुधार कार्यालय भद्रपुर, झापाको

मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
हरिमाया लावती	राजघाट-५	१३५	१-१०-०	मेघनाथ ढुंगाना
रुद्रबहादुर कार्की	ज्यामिरगढी-३	२७०	०-५-०	मोति मिया
किशोर चौधरी	गरामनी-५	६३३	३३८.६३	मोहन चौधरी
नर्वदा गौतम	पाराखोपी-३	५१९	०-४-०	खड्गप्रसाद/हर्कवा सिटौला
सुमित्रा भारती	जुरोपानी-७	१८९९	१३५४.५२	हलाद्/शाहलाल राजवंशी
मिनाकुमारी थापा	जुरोपानी-७	१०९	१५७०.००	जस्तुलाल/जात्रुलाल राजवंशी
मनोज गिरी	जुरोपानी-७	९६	१६९०.००	तिक/टिकमा राजवंशी
लेखनाथ पुरी	जुरोपानी-७	१८३१	३३८.६३	मनपुरा राजवंशी
कविता पुरी	जुरोपानी-७	११०२	१३५४.५२	रुपचन्द्र राजवंशी
देवीप्रसाद ढुंगानासमेत	कोहबरा	३०५०	१३४८०.००	सेढीलाल धिमाल
मकर बा. तामाङ	माहाभारा	५३९ १३३९	१-०-० ०-३-१५	बावुला मुर्मु/बावुला मुर्मुसतार
असिक मिया	खजुरगाछी	२८४	२२६०.००	जितालु/जंजालु राजवंशी

कतारमा वैदेशिक रोजगारको अवसर

कतारको एक प्रतिष्ठित Danem Heavy Industries WLL कम्पनीबाट निम्न नेपाली कामदारको माग भई आएकाले जान इच्छुकले सक्कल राहदानी पासपोर्ट साइजको फोटो तथा अनुभवको प्रमाणपत्र सहित यथाशिघ्र सम्पर्क गर्नुहोला ।

पून स्वीकृति मिति : २०७६/०९/२९ लट नं. २२५०६२ चलानी नं. ६०१४४३८७

कामदारको पद	माग	तलब	काम	खान/बस्न	करार
Heavy Driver (Qatar License)	२०	२७५०	१२ घण्टा	छैन/छ	२ बर्ष
Light Driver (Qatar License)	१०	१९५०	२६ दिन		
Store Keeper	१०	१२५०	८ घण्टा २६ दिन		
Scaffolder	६०	१२५०			
Scaffolding Chargehand	२४	१५००			
Scaffolding Supervisor	१०	अनुभवको आधारमा			
Helper	४०	१०००			
Civil Engineer	१०	३५००			

Scaffolder समूह लागि अनुभवको प्रमाणपत्र अनिवार्य ल्याउनु पर्नेछ ।

फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट माघ १३ गते सोमबार बिर्तामोडमा हुनेछ ।

Panda Human Resoure Pvt. Ltd.
Sukedhara, Kathmandu
Contact No. 9802752707, 9842652707, 9803440384

QATAR मा रोजगारको अवसर

कम्पनी : DANEM HEAVY INDUSTRIES शहर : QATAR

पूर्व स्वीकृति मिति : २०७६/०६/१६ चलानी नं. ६०१४४३७९ L.T.NO. 225059

सि. नं.	कामदारको पद	माग संख्या	मासिक तलब QR	हप्ताका काम गर्ने दिन	दिनका काम गर्ने घण्टा	ओभर टाइम सुविधा	बार्षिक बिदा	अन्य सुविधा	बस सुविधा	करार अवधि
१	Scaffolding Supervisor (GCC)	5	1800-2000	६ दिन	८ घण्टा	क.नि. अनुसार	छ	छ	छ	२ बर्ष
२	Scaffolding Chargehand (GCC)	12	1500							
३	Scaffolding (GCC)	30	1250							
४	Helper	20	1000							
५	Heavy Driver (Qatar Retrurns Only)	10	2750							
६	Light Driver (Qatar Retrurns Only)	5	1950							
७	Store Keeper (GCC)	5	1250							
८	Civil Supervisor (GCC)	5	3500							

ट्रेडका हकमा विदेशमा काम गरेका व्यक्तिहरूले मात्र सम्पर्क गर्नुहोला ।

फाइनल अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट
२०७६ माघ १३ गते (Jan. 27, 2020) सोमवार बिर्तामोडको सीपी होटलमा हुनेछ ।

विटा इन्टरनेशनल म्यानपावर प्रा.लि.
महाराजगञ्ज, काठमाडौं
मोवाइल सम्पर्क : 9804913198, 9852674135

‘युएईले बाँडेको मुस्कान’मा सफलताको कथा

युएई, माघ ११। वैदेशिक रोजगारीको क्रममा युएईमा कार्यरत् झापाली पत्रकार रामप्रसाद ढुंगेल र सिन्धुपाल्चोकका साहित्यकार जे सागरको संयोजनमा ४० जना नेपालीहरुको सफलता, संघर्ष र उपलब्धिहरु समेटिएको सकारात्मक सन्देश दिने पुस्तक ‘युएइले बाँडेको मुस्कान’को एक कार्यक्रमकाबीच विमोचन गरिएको छ ।

नेपाली दूतावास, अबुधाबीको सभाहलमा आयोजित कार्यक्रममा उक्त पुस्तकको विमोचन गरिएको हो । युएईका लागि नेपाली राजदूत कृष्णप्रसाद ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कम्युनिकेसन कर्नर, उज्यालो रेडियो नेटवर्क र उज्यालो मल्टिमिडिया उज्यालो अनलाइनका प्रमुख गोपाल गुरागाँई, रसियामा चिकित्सा विज्ञान अध्ययन गरी युएईमा २५ वर्ष व्यवसाय गरेका डा. दिनेश आचार्य, दूतावासका श्रम काउन्सिलर भेसबहादुर कार्की लगायतको आतिथ्य रहेको थियो ।

युएईको नेपाली साहित्यलाई संस्थागत गर्न पछिल्लो समय निरन्तर साधनारत् सिन्धुपाल्चोकका जे सागर र पत्रकार रामप्रसाद ढुंगेलले संयोजन गरेको पुस्तकमा पर्यटक, रोजगार वा व्यावसायीका रूपमा युएई पुगेर आफू, आफ्नो परिवार, समाज तथा देशकै लागि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा योगदान गरिरहेका ४० जना नेपालीहरुको वास्तविक कथा समावेश गरिएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपालीहरु सबैले

दुःख मात्र पाएका छैनन्, खुसी पनि छन्, प्रगति पनि गरेका छन् र नेपालको इज्जत धान्ने काम पनि गरेका छन् भन्ने सकारात्मक सन्देश दिने पुस्तकमा लामो समय युएईमा रहेर साहित्य, समाजसेवा, पत्रकारिता, कलाकारिता आदि क्षेत्रमा नेपाल र नेपालीलाई योगदान दिएका संघर्षशील नेपालीहरुको कथाहरु समेटिएको छ ।

के विदेश दुःखको मात्र सागर हो त ? के विदेश अमिलो आँशुको मात्र कथा हो त ? के विदेशमा नेपालीहरु भाँडा माझेर मात्र बसेका छन् ? विदेश जानु भनेको आँशु बगाउन जानु हो ? यिनै प्रश्नहरुको उत्तर उक्त पुस्तकले दिएको छ ।

विदेशको कमाइले लाखौंको परिवारमा अपार खुशी ल्याएको छ । विदेशको माटोमा कमाएको खुसीले बुवा-आमा, श्रीमान्-श्रीमती र छोराछोरीमा छाएको मुस्कान जीवनको लेखाजोखा गर्ने हो भने दुःख आफै हराएर जान्छ भन्ने कथाहरुलाई चित्रण गरेको छ - ‘युएईले बाँडेको मुस्कान’ पुस्तकले ।

१० वर्षे द्वन्द्वकालमा कोही राज्यपक्षबाट पीडित बनेर विदेशिए, कोही विद्रोही पक्षबाट लखेटिएर युएई आईपुगे, तर जीवन सधैं त्यस्तै कहाँ रहिरहन्छ र ? जीवन त संघर्ष हो । अथक संघर्षका कथाहरुले व्यक्तिको जीवनलाई दुःखबाट सुखमा लखेटेको छ । क्षमता र सीप भए तपाईंले सधैं दुःख पाइरहनु पर्दैन भन्ने समेत सन्देश दिएको छ यो पुस्तकले ।

बुलबुल पब्लिकेसन्सले प्रकाशन गरेको ‘युएईले बाँडेको मुस्कान’ मा युएईमा कार्यरत् ४० जना नेपालीहरुको वास्तविक भोगाइ, अनुभव, अनुभूति, उपलब्धि र सुखद् कथा समेटिएको छ । पुस्तकमा प्रगतिको कथा, सफलताको कथा, दुःखले सुख साटेको कथा, नकारात्मकता त्यागेर सकारात्मक बन्ने प्रेरणा दिने कथा, मुस्कानको कथा, मुस्कान बाँड्ने कथा रहेको छ ।

रेडियोकर्मी अच्युत घिमिरे बुलबुलले परिकल्पना गरेको यो पुस्तक डायस्पोराको क्षेत्रमा पहिलो कदम रहेको विमोचन कार्यक्रममा उपस्थित वक्ताहरूले बताए । एनआरएनए युएईको आयोजनामा भएको विमोचन कार्यक्रममा समीक्षक निमेष गिरीले पुस्तकको समीक्षा गरेका थिए । पुस्तकको महत्व र उद्देश्यबारे राजदुत ढकाल, उज्यालो रेडियो नेटवर्कका प्रमुख गुरागाई, डा. आचार्य, नेपाल पत्रकार महासंघ युएई शाखाका अध्यक्ष लक्ष्मण खनाल, पत्रकार मेघराज सापकोटाले बताएका थिए ।

कार्यक्रममा युएईलाई कर्मथलो बनाएका पाँच जना झापालीहरुको जीवन कथा यो पुस्तकमा समावेश गरिएको जानकारी दिइयो । युएई एक्सचेञ्जको नेपाल बिजनेश प्रमुख चारपानेका सन्तोष प्रसाईं, झापाली समाज युएईका अध्यक्ष बिर्तामोडका अशोक चापागाई, गौरादहका व्यवसायी तोयम चम्लागाई, पत्रकारहरु मेघराज सापकोटा र रामप्रसाद ढुंगेलको सफलताको कथा उक्त पुस्तकमा रहेको बताइएको छ ।

मोबाइल र टेलिभिजन बालबालिकाका लागि अभिशाप

यशोदा अधिकारी

ब्लुब्रेन इन्टरनेश्नल स्कूल कलंकीमा अध्ययनरत् ११ वर्षकी छात्रा उपमा सुवेदी ह्वाइटबोर्डमा शिक्षकले लेखेको अक्षर नदेखेपछि अभिभावकका साथ आँखा जचाउन अस्पताल गइन् । फुर्सद भयो कि टेलिभिजन र मोबाइल हेर्ने गरेकी उपमा अस्पतालमा जाँच गरेपछि मोबाइल र टेलिभिजन हेर्न नहुने रहेछ भन्छिन् । उनलाई शुरुमा गुरुले ह्वाइट बोर्डमा लेखेको अक्षर देख्न समस्या पऱ्यो । यो समस्या उनले घरमा ममीलाई भनिन् र जचाउँदा आँखा सुख्खा भएको थाहा पाइन् ।

पछिल्लो समय बालबालिकालाई अभिभावकले नै टेलिभिजन र मोबाइल हेर्न दिने गरेका छन् । काठमाडौं डिल्लीबजार निवासी नेत्र लिम्बूले पनि आफ्नी चार वर्षकी छोरीले आँखा मिच्न थालेपछि समस्या थाहा पाए । उनी दीर्घकालीन असरबारे जान्दाजान्दै पनि एकैछिन् भुलाउन टेलिभिजन र मोबाइल हेर्न दिँदा समस्या परेको बताउँछन् ।

त्रिपुरेश्वर आँखा अस्पताल बाल शाखाकी डाक्टर सुजाता भण्डारी परिवारमा थोरै संख्या हुने र बालबालिकालाई भुल्लाउन मोबाइल र टेलिभिजन हेर्न दिँदा आँखाको समस्या बढेको बताउँछन् । उनी भन्छन्- ‘नजिकबाट स्क्रिनमा हेर्दा आँखालाई धेरै असर गर्छ । पछि गएर आँखाको दृष्टि नै पनि जान सक्छ ।’

किताब पढ्नुपर्ने स्कूले बालबालिकाले बढी मात्रामा मोबाइल र टेलिभिजनमा हेर्दा आँखामा आँशुको मात्रा सुकेर सुख्खा हुन थाल्छ । जसले गर्दा आँखा कमजोर हुन्छ र पछि गएर आँखै नदेख्ने समस्या समेत आउन सक्ने चिकित्सकहरु बताउँछन् ।

बालबालिकामा आँखा हेर्न असजिलो हुने टाढा नदेख्ने र आँशु आउने जस्ता समस्या बढेपछि विद्यालयका शिक्षकहरु आफ्ना विद्यालयमा शिविर गरिदिन आँखा अस्पताल धाउन थालेका छन् ।

त्रिपुरेशवर आँखा अस्पतालले वरिपरिका विद्यालयहरुमा गएर शिविर सञ्चालन गर्दै आएको छ । सामान्य समस्या भेटिए औषधि दिने र जटिल समस्या देखिए अस्पतालमा बोलाएर उपचार गरिदिने गरेको अस्पतालका प्रमुख कार्यकारी अधिकृत दमनबहादुर घले बताउँछन् ।

दिनुहुँजसो आँखा सुख्खा भएर नदेख्ने समस्या लिएर आउने बालबलिका बढेको अस्पतालले जनाएको छ । अस्पतालका अनुसार दिनमा ५० देखि ६० जना बालबालिका आँखा जचाउन आउँछन् । त्यसमध्ये आधाजति त आँखा सुख्खा हुने समस्या भएका बालबालिका हुने गरेको अस्पतालले जनाएको छ ।

आजकल मोबाइल हरेको व्यक्तिको हातमा हुन्छ भने हरेक घरमा टेलिभिजन पनि हुने गरेको छ । मोबाइल टेलिभिजन जस्ता प्रविधिको सदुपयोग गर्न सके बालबालिकाले धेरै कुरा सिक्न सक्छन् भने अनावश्यक प्रयोगले बालबालिकामा दीर्घकालीन असर पुऱ्याउन सक्ने हुँदा अभिभावकहरुले बेलैमा सोच्न ढिला भइसकेको छ ।



सरस्वतीको मूर्ति बनाउन भ्याईनभ्याई

सुनसरी, माघ ११। सुनसरी सदरमुकाम इनरुवाका मूर्तिकारहरुलाई माटोका कलात्मक सरस्वतीका मूर्ति बनाउन भ्याइनभ्याइ भएको छ ।

सदरमुकाम इनरुवा, लौकही, हरिपुर लगायतका स्थानमा रहेका मूर्तिकार स्थानीयको सरस्वती पूजालाई सहज बनाउने उद्देश्यले माटोका कलात्मक सरस्वतीका मूर्ति बनाउने कार्यमा व्यस्त बनेका इनरुवा नगरपालिका-४ का मूर्तिकार मनोज मेहताले बताए । जिल्लाका विभिन्न ठाउँमा रहेका क्याम्पस, विद्यालय, शैक्षिक प्रतिष्ठान र निजी विद्यालयका सञ्चालकले समेत सरस्वती मूर्तिको पूजा गर्ने भएकाले मूर्तिको माग अत्यधिक बढेपछि आफूहरु माटोका कलात्मक मूर्ति बनाउन व्यस्त बनेको मूर्तिकार मेहताले बताए ।

विद्यार्थी प्रत्येक घरमा रहने भएकाले सरस्वती मूर्तिका लागि गाउँदेखि शहरसम्म सर्वसाधारणसहित शैक्षिक प्रतिष्ठान सञ्चालकले सरस्वती मूर्ति नै खोज्ने भएकाले अगाडिदेखि नै मूर्ति बनाउन लागीपरेको मेहताको भनाइ छ । एक मूर्ति बनाउन तीन दिनदेखि पाँच दिनसम्म लाग्ने गरेको उनले बताए ।

एउटा मूर्ति बनाउन पाँच सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म लाग्ने गरेको र पाँच सयदेखि १० हजार रुपैयाँसम्ममा एउटा मूर्ति बिक्री हुने गरेको मूर्तिकार विनोद मेहताले बताए । मूर्तिबाट मात्र एकयाममा ५० रुपैयाँदेखि ६० हजार रुपैयाँ आम्दानी गर्दै आएको मूर्तिकारको भनाइ छ ।

नमूना सामुदायिक वनको २२औं सभा

अर्जुनधारा, माघ ११। झापाको अर्जुनधारा-९ मा रहेको नमूना सामुदायिक वन उपभोक्ता समूहको २२औं साधारण सभा सम्पन्न भएको छ ।

समूहका अध्यक्ष भानुभक्त श्रेष्ठको अध्यक्षता र प्रदेश १ का सांसद वृख प्रधानको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष सूर्यप्रकाश अधिकारीले गरेका थिए ।

कार्यक्रममा समूहका अध्यक्ष श्रेष्ठले संस्थाको गत आर्थिक वर्ष २०७५/०७६ वार्षिक प्रगति प्रतिवेदन र चालू आर्थिक वर्ष २०७६/०७७ को अनुमानित बजेट नीति तथा कार्यक्रमसहितको प्रतिवेदनसँगै लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए । गत आर्थिक वर्षमा १६ लाख ३२ हजार नौ सय ५१ रुपैयाँ एक पैसा बराबरको आर्थिक कारोबार गरेको समूहले चालू आर्थिक वर्षको लागि अनुमानित ५६ लाख ६७ हजार नौ सय ३१ रुपैयाँ १० पैसा बराबरको बजेट नीति तथा कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

प्रस्तुत गरिएको बजेटमध्ये प्रशासनिक खर्चमा आठ लाख ५० हजार एक सय ८९ रुपैयाँ, वन विकास खर्चमा १४ लाख १६ हजार नौ सय ८७ रुपैयाँ, गरिबी न्यूनिकरण तथा सामुदायिक विकास खर्चमा १९ लाख ८३ हजार सात सय ७५ रुपैयाँ र संस्थागत तथा भौतिक विकास खर्चमा १४ लाख १६ हजार नौ सय ८० रुपैयाँ विनियोजन गरेको छ ।

समूहले आगामी दिनमा वनको सीमाना घेराबारा गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पहल गर्ने, वन प्राविधिकहरुको सहयोगमा वन विकास तथा सुधारका कार्यहरु गर्ने, वनको खाली जमिनमा वृक्षरोपण गर्ने, महिला समूहलाई सक्रिय बनाई अग्निरेखा झाडी सरसफाई लगायतका कार्यहरु गर्ने, नर्सरीलाई नियमित र व्यवस्थित गरि लोपोन्मुख बोटबिरुवा उत्पादन गर्ने, विपन्न उपभोक्ताहरुको जीवन उकास्नका लागि अनुदान सहयोग गर्ने, पर्यटन प्रबर्द्धनको लागि वनको वरिपरी साइक्लिङ लागि गोरेटो निर्माण गर्ने लगायतका कार्यहरु गर्ने प्रतिवेदनमा उल्लेख गरेको छ । सोही कार्यक्रममा स्थानीय बालज्योति प्राथमिक विद्यालयका ३१ जना विद्यार्थीलाई समूहकोतर्फबाट विद्यालय पोशाक वितरण गरिएको थियो ।

कार्यक्रममा अर्जुनधारा-९ वडा समितिका अध्यक्ष पुष्पकुमार प्रसाई, डिभिजन वन कार्यालय झापाका प्रमुख विष्णुलाल घिमिरे, सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी, नेपाल कम्युनिष्ट पार्टी(नेकपा) वडाका इञ्चार्ज युवराज प्रसाई, नेपाली काँग्रस वडा सभापति लीलाराज पौड्याल, सनराईज बैंक बिर्तामोडका शाखा प्रबन्धक सुमन दाहाल, नमूना महिला उपसमितिकी अध्यक्ष गौरीमाया चिमरीया लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन सदस्य सन्तकुमार राईले गरेका थिए ।

विकल्पको मुर्चुङ्गा र बिनायो

साहित्य र संगीतको उर्बर भूमिको रूपमा आफ्नो परिचय बनाउन सफल झापाले धेरै कलाकर्मीहरूलाई जन्म दिएको छ । स्थानीय स्तरदेखि राष्ट्रियस्तरसम्म धेरै कलाकारहरू झापाका रहेका छन् । त्यस्तै एक बहुप्रतिभाका धनीका रूपमा आफूलाई स्थापित गर्न सफल झापाको बुद्धशान्ति-१ हेक्सेका टंक काफ्ले (विकल्प) लाई नचिन्ने सहायद नै कोही नहोला ।

नाटक क्षेत्रमा आफूलाई स्थापित गर्न सफल काफ्ले थुप्रै गीतहरूको रचना गरेका छन् । नेपालको मौलिक लोक बाजाहरूको संरक्षणमा ध्यान दिन र कला र संकृतिको संरक्षण गर्न गीत मार्फत आग्रह गरेका छन् । उनले सिर्जना गरेको गीत-बज्दैन मुर्चुङ्गा छैन बिनायो, सारङ्गीको तार आज कसले छिनायो । साँच्चै लोकप्रिय रहेको छ ।

पश्चिम संकृतिको सिको गर्दै युवापुस्ताले आफ्नो लोक बाजाहरू बिर्सदै गइरहेका बेला विकल्पले संगीत मार्फत बाजाहरूको संरक्षण गर्न सबैको ध्यान केन्द्रित गरेका छन् । बाबुबोगटीको संगीत र स्वर रहेको बज्दैन मुर्चुङ्गा गीतलाई सम्मान एल्वम मार्फत बजारमा ल्याइएको छ । गाउँघरमा बस्ने नौमती बाजा, मुर्चुङ्गा र बिनायो मात्र नभएर अधिकांश बाजाहरूको संरक्षण गर्नु पर्छ भन्ने सन्देश दिइएको रचनाकार विकल्पले बताए ।

करिब ४० वटा गीतको रचना गरेका विकल्पका केही गीतहरू रेकर्डिङ भएर बजारमा आइसकेका छन् । गीतका अभियन गर्ने कलाकार र गायकलाई धेरै चिन्ने गरे पनि त्यसको रचना गर्ने व्यक्ति भने सधैं गौण हुने गरेको पाइएको छ । झापा बुद्धशान्तिका विकल्प साहित्य र संगीतमा अब्बल रूपमा चिनिएका छन् । केही नयाँ सिर्जना गर्नुपर्छ भन्ने स्वभाव भएका विकल्पले नयाँ पुस्तालाई पनि उत्तिकै उत्साह र हौसला भर्ने काम गरेका छन् ।

‘के घर के डेरा’ पुनः निर्माण हुँदै

प्रदीप रिमाल निर्देशित तीन दशक अगाडिको फिल्म ‘के घर के डेरा’ को नाम सापटी लिएर निर्देशक सुव्रतराज आचार्यले नयाँ फिल्म बनाउने भएका छन् । यो फिल्मका लागि लिड अभिनेताको पनि टुंगो लागेको छ । फिल्ममा दुई भर्सटायल अभिनेता दयाहाङ राई र विपीन कार्कीले अभिनय गर्ने भएका छन् । दुबैसँग फिल्मका लागि सम्झौता भइसकेको छ ।

यसअघि यी दुई अभिनेताले फिल्म ‘लुट २ र जात्रै जात्रा’ मा सँगै काम गरेका थिए । ‘के घर के डेरा’ लाई सिंगे लामाले निर्माण गर्दैछन् । उनले यसअघि विपीनलाई लिएर ‘जात्रा, हरि र जात्रै जात्रा’ निर्माण गरेका थिए । सामाजिक विषयवस्तुमा बन्ने फिल्मका लागि अभिनेत्रीमा वर्षा राउतसँग कुराकानी भइरहेको जानकारी प्राप्त छ । उनी फिल्म गर्न सकारात्मक रहेको बुझिएको छ ।

चैतबाट छायांकन शुरू हुने फिल्ममा दयाहाङ र विपीनसँगै कलाकार रविन्द्र झाको पनि प्रमुख भूमिका रहने बताइएको छ । शरद श्रेष्ठ र किरण महर्जन निर्माता रहेको फिल्मको काठमाडौंमै छायांकन हुनेछ । काठमाडौंमा कोठा भाडामा लिएर बस्नेहरूको कथामा फिल्म निर्माण हुने जानकारी प्राप्त छ । फिल्मको पटकथा आगत केसी र निर्देशक आचार्यले मिलेर लेखेका छन् । छायांकार दिर्घ गुरूङले फिल्म खिच्ने जिम्मेवारी पाएका छन् । त्यस्तै, फिल्मका लागि शंकर थापाले संगीत तयार पारेका छन् । ‘सुश्री सम्पत्ति’ पछि निर्देशक आचार्य लामो समयदेखि ‘के घर के डेरा’ को स्क्रिप्टमा काम गरिरहेका थिए । यो उनको तेस्रो प्रोजेक्ट हो ।

तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल दैनिक

प्रेस काउन्सिल नेपालद्वारा ‘क’ श्रेणीमा वर्गीकृत बिर्तामोडबाट बिगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।

केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखा: ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापक: ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकी: राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारी: सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुर: पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गा: तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), दमक: डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारी: आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादह: विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखा: उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङ: दिलीप खत्री (९७४३००१४७७) उदयपुर: गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगर: पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/भालुझोडा, कुटिडाँडा, कोल्बुङ: गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्याम: खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल – यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम लक्ष्मीपुर: पुष्प आचार्य (मो.९८४२६६२०३६), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम – ९८४२७४४७५६, इलाम नगरपालिका: विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङ: बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङ: मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्विसे पञ्चमी: युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगर: चन्दन राय (९८१२३२६९२८)